परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

देश र राष्ट्रको विकासको निम्ति शिक्षा अनिवार्य छ । शिक्षाको संरचना पनि देश निर्माण तथा विकासको लागि राष्ट्रिय उद्देश्य अनुरुप निर्माण गरिएको हुन्छ । देशको सर्वाङ्गिण विकासको निम्ति, विद्यालय तहबाट विभिन्न विषयमा शिक्षण गरि राष्ट्रिय उद्देश्य प्राप्त गरिएको हुन्छ । देशको लागि आवश्यक जानशक्ति तयार पार्न सोही अनुरुप विषय र विषयवस्तुहरु राखी पाठ्यक्रम तयार पारिएको हुन्छ । जस्तैः नेपाली, गणित, विज्ञान, सामाजिक, अंग्रेजी, आदि आधारभूत विद्यालयका मुख्य विषयहरु हुन् ।

विद्यालयतहमा शिक्षण गरिने यी सम्पूर्ण विषयहरुको पाठ्यक्रम पाठ्यपुस्तक, शैक्षिक सामाग्री, शिक्षण कृयाकलाप, मूल्याङ्कन पक्षको सही तरिकाले गर्ड शिक्षण व्यवस्थापन हो । शिक्षण कृयाकलाप गरि सकेपछि मूल्याङ्कनद्धारा प्राप्त नतिजा नै उपलब्धि हो । आधारभूत तहमा (१-५) मा अध्यापन गराइने विषय मध्य नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धिस्तरलाई लिई अध्ययन गरिएको छ ।

शिक्षा मानव जीवनको आधारभूत पक्ष हो । राष्ट्रिय विकासको मेरुदण्ड हो । शिक्षा व्यक्तिको विकास र उन्नतिको आधार हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू बाँचेको संसार र समाज बुझ्ने क्षमता र ज्ञानको भण्डार आर्जन गर्न सक्छ । शिक्षाले मानव जीवनका अवसरहरुलाई बढाउन मद्दत गर्दछ । परिवर्तित समयसँगै व्यक्ति पनि परिवर्तित हुँदै जानुपर्ने सर्वमान्य सिद्धान्त अनुरुप शिक्षाले व्यक्तिलाई समायोजन हुन सिकाउँछ । त्यसैले शिक्षाले परिवर्तित समय अनुसार व्यक्तिलाई अनुकूल हुन सिकाउँछ । (कोईराला २०६१)

नेपालमा शिक्षाको प्रारम्भ गुरुकूल प्रणालीबाट भएपनि समयको माग र व्यक्तिहरुको चाहनाअनुसार शिक्षाको स्वरुप र विषयवस्तुको ढाँचा पनि परिवर्तित र परिस्कृत हुँदै गएको ऐतिहासिक तथ्य छ । गुरुकुल शिक्षामा शिष्य विद्या आर्जन गर्न गुरुको आश्रममा जानुपर्ने गुरुमा नै शिक्षाको सम्पूर्ण प्रकृया निर्भर रहने, कुनै विशिष्ट किसिमको पाठ्यक्रम वा पाठ्पुस्तक नहुने र संस्कृत भाषाको माध्यमबाट शिक्षा दिने जस्ता प्रचलन रहेको थियो ।

त्यस्तै लिच्छविकालीन शिक्षा प्रणालीमा कला, संस्कृति, साहित्य, वेद ज्योतिष आदि विषयमा उच्च स्तरको पढाई हुने गरेका अभिलेख पाईन्छ । (अधिकारी २०६०)

नेपालमा शैक्षिक व्यवस्थापनको इतिहासलाई अध्ययन गर्दा लिच्छिवी, मल्ल र बाइसे चौवसी राज्यकालमा शिक्षा धर्म प्रधान थियो । धार्मिक संस्थाहरुले शिक्षाको व्यवस्थापन गर्दथे जसमा मठ, मन्दिर, बौद्ध विहार, गुम्वा एवम् विभिन्न गुठीहरुले शिक्षा प्रदान गर्दथे । लिच्छिवी कालमा शिक्षा प्रदान गर्ने प्रशासनिक अंग अग्रसर थियो । त्यस समयमा शिक्षा केन्द्रहरु दान दातव्यबाट चल्ने गर्दथे । व्यक्तिको व्यक्तिगत प्रयासमा शिक्षा केन्द्रहरु संचालन भएका थिए । मल्लकालमा पनि सर्वसाधारणका लागि औपचारिक शिक्षाका संगठित र संस्थागत विकास भएको थिएन तापनि शासक वर्गबाट कला, साहित्य ज्योतिष र सीपमूलक शिक्षाका लागि गुठीको व्यवस्था गरी सहयोग गर्ने गर्दथे । मल्लकालको अन्त्यमा राजा सिद्धनरसिंह मल्लले धर्मबाट शिक्षालाई छुट्याएका थिए । यस अघि शिक्षा धर्मका माध्यबाट दिइन्थ्यो । धार्मिक संस्था र यिनका प्रमुख दाता शिक्षा दिने काम बन्द गरी शिक्षा र पेशा गर्ने विषय छुट्याएका थिए । वाइसे चौविसे राज्य र नेपालको एकीकरण हुँदासम्म पनि नेपालमा शिक्षाको व्यवस्थित व्यवस्थापन नभएको देखिन्छ । (एम.पि. थापा, २०६४)

प्राचीन संस्कृत र बौद्ध शिक्षाको परम्परामा संस्थागत नयाँ शिक्षाको जग बसाल्ने काम वि.स. १९१० मा अंग्रेजी विद्यालय स्थापना गरी जंगबाहादुर राणाले गरेको पाइन्छ तर सर्वसाधारणको पहुँच पुग्न २२ वर्ष लागेको थियो । वि.स. १९३२ मा धिर शमशेरले भाइभारदारका छोराहरुलाई पढ्ने अवसर दिएका थिए । यसरी कछुवा तालमा विकास भएको नेपालको शिक्षा प्रमाणी वि.स.२००७ सालको प्रजातन्त्रको स्थापना पछि मेचि देखि महाकाली सम्म, हिमाल देखि तराईसम्म शिक्षा विस्तारको आवश्यकतालाई महशुस गरी जनस्तरबाट विद्यालय खुल्ने काम तीव्र भयो । त्यसपछि राष्ट्रिय स्तरको आयोग गठन विभिन्न अध्ययन अनुसन्धान गरी कार्यान्वयन भए पश्चात औपचरिक र औनौपचारिक शिक्षण सेवा संस्थाको विकास हुन थालेको हो । (गौतम, २०६४)

शैक्षिक व्यवस्थापन भनेको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी एवम् सफतापूर्वक संचालन गर्ने प्रकिया हो । जसमा शैक्षिक उपलब्धिहरु हासिल गर्न र उद्देश्यहरु पूरा गर्न विभिन्न योजना तर्जुमा गरिएको हुन्छ । त्यसैले शिक्षक व्यवस्थापनले समग्र रुपमा शिक्षाको व्यवस्थापनलाई बुझाउँछ । शैक्षिक व्यवस्थापनले क्रियाकलापलाई हेर्दा सन् १९०० तिरलाई

लिन सकिन्छ । त्यतिवेला शिक्षामा वैज्ञानिक अनुसन्धान कार्यको प्रयोगको पनि शुरुवात भएको थियो । शैक्षिक व्यवस्थापनको मध्यकाल सन् १९०० देखि १९७० लाई मानिन्छ । सन् १९४० देखि १९५० तिर शैक्षिक प्रशासन प्रजातान्त्रिक ढंगले चल्नु पर्दछ भन्ने मान्यताको विकास भयो तर क्रमशः शिक्षामा व्यवहारिक सिद्धान्तको समेत प्रयोग भई आधुनिक विकास र व्यवस्थापनको लागि मार्ग प्रशस्त भयो । नेपालको सन्दर्भमा शैक्षिक व्यवस्थापनको इतिहासलाई हेर्दा वि.स. १९१० सालदेखि रानी पोखरी पाठशाला अध्ययन गर्ने छात्रहरुलाई छात्रवासको व्यवस्थापन गरी वीर शमशेरको प्रयास थोरै भएपनि व्यवस्थापन तिर ध्यान दिन खोजेको देखिन्छ । (कोईराला र श्रेष्ठ, २०५९)

मानव सभ्यताको विकासक्रमसँगै शिक्षाको प्रारम्भ भएको मानिन्छ । नेपालमा वि.सं. १९१० सालमा थापाथली दरवारमा स्थापना भएको अंग्रेजी स्कूल देखि शैक्षिक क्षेत्रलाई व्यवस्थित गर्न धेरै प्रयासहरु भए तर राणाकालमा फस्टाउन सकेन । वि.सं. २००७ सालको परिवर्तन पछि शिक्षामा आधुनिकताको प्रवेश भएको दावि गरिन्छ । वि.सं. २०१४ साल तीर कलेज अफ एजुकेशनको स्थापन सँगै पाठ्यक्रमको निरुपण गर्ने कार्यको थालनी गरिएको थियो । तर वि.सं. २०२८ को शिक्षा पद्धतिले पाठ्यक्रम निर्माण कार्यलाई क्रमबद्ध र व्यवस्थित गर्ने प्रयास गरेको थियो । (गिरी २०५९)

शिक्षालाई देश विकासको आधार शिला मानिन्छ सफल र प्रभावकारी शिक्षाले मात्र समाज सापेक्ष परिवर्तनलाई दिशा निर्देश गर्न सक्छ । यस तथ्यलाई दृष्टिगत गर्दै नेपालमा विद्यालय शिक्षालाई नियमित, व्यवस्थित, गुणात्मक र प्रभावकारी बनाउन विभिन्न प्रयास हुँदै आएका छन् । यस क्रममा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले नेपालको शिक्षा प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस योजनाले राष्ट्रिय शिक्षा प्रणालीका लागि देशभर एउटै पाठ्यक्रम लागू गऱ्यो । वि.सं. २०२८ सालमा लागू भएको विद्यालय शिक्षाको पाठ्यक्रममा आवश्यकता अनुरुप विभिन्न समयमा परिमार्जन समेत हुँदै आएको छ । यसै क्रममा योजनाका विभिन्न पक्षमा केही परिवर्तन तथा संसोधन गरी पाठ्यक्रम कार्यान्वयन योजना २०३८ को प्रतिवेदन आयो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन, २०५५ लगायतका शिक्षा आयोगहरुका सुझावका आधारमा पाठ्यक्रममा पनि उल्लेखनीय परिवर्तन भयो तर पनि हाम्रो मुलुकमा जुन रुपमा विद्यालय शिक्षाको विस्तार भएको छ त्यही रुपमा शिक्षाको अपेक्षित गुणात्मक प्रतिफल

प्राप्त छैन भन्ने गुनासो आइरहेको छ । यसका लागि पाठ्यक्रम मात्र जिम्मेवार नरहेर पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा संलग्न अन्य सरोकारवाला पक्षहरु पनि उत्तिकै जिम्मेवार रहेका छन् । देशमा भएको राजनीतिक परिवर्तनले देशको शिक्षा प्रणालीमा परिवर्तनको उद्घोष गरेकाले पाठ्यक्रममा पनि सोही अनुसार सामाजिक परिवर्तन गर्न आवश्यक भएकाले यो प्रयास गरिएको छ ।

आजको वाह्य संसार तिव्र गतिमा अगाडि बढीरहेको छ विज्ञान र प्रविधिका क्षेत्रमा धेरै विकास भएका छन् । संचार प्रविधिका क्षेत्रमा भएका विकासले विश्व समुदायलाई अत्यन्त नजिक गराएको र भूमण्डलीकरणको सोच समेत ल्याएको छ । विश्वमा ज्ञान विज्ञानका क्षेत्रमा जे जति प्रगती हुँदै छन् मानव जीवन त्यतिकै प्रतिस्पर्धात्मक र जटिल हुँदै छ । यस परिस्थितिमा हाम्रो राष्ट्रको यथार्थलाई विश्लेषण गरि बालबालिकाहरुलाई सु-संस्कारका साथै विश्व परिवेशसँग प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा दिई आधुनिक विज्ञान प्रविधि तथा सञ्चार क्षेत्रको विकासमा जोड दिन नितान्त आवश्यक रहेको छ । (पाठ्यक्रम विकास केन्द्र (२०६६)

व्यवस्थापन भन्नासाथ कुनै पनि पक्षको राम्रो तवरले वन्दोवस्त गर्नु, परिचालन गर्नु, सञ्चलन गर्नु भन्ने सामान्य अर्थमा बुझिन्छ । विद्यालयमा व्यवस्थापनको निकै महत्वपूर्ण स्थान रहन्छ । यदि उचित किसिमले त्यसको सञ्चालन, रेखदेख गर्न नसकेको खण्डमा त्यसले सही बाटो लिन नसकी असफल भएर जान सक्छ । विद्यालयमा एक सामाजिक एवं शैक्षिक संस्था भएकोले यसको झन राम्रो व्यवस्थापन गर्नु अति आवश्यक हुन्छ । यहाँ हरेक बालबालिकाको भविष्य निर्माण गर्ने कार्य गरिन्छ । व्यवस्थापनले जनस्रोत र सामाग्री स्रोतको उपयुक्त गरी उच्चतम उपलब्धिका लागि वातावरणको सृजना गर्ने र काम प्रति सकारात्मक प्रवृत्तिको विकास गर्ने काम गर्दछ । हरेक संस्थाको सफलता संगठित एवं सामुहिक प्रयासबाट मात्र सम्भव हुन्छ । मा.वि.को उचित व्यवस्थापनको लागि नेपालमा पनि विभिन्न समयमा विभिन्न उपायहरु अपनाउदै आएको पाइन्छ । उदाहरणको लागि समय-समयमा विद्यालयको संगठनमा परिवर्तन, व्यवस्थापन पक्षमा सुधार, योजना, नीति तथा निर्देशन एवं मा.वि.मा निःशुल्क शिक्षाको व्यवस्था आदि व्यवस्थापनका सुधारका कार्यगत परिवर्तनहरु हुन् । (पण्डित २०५४)

शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरु प्रभावकारी एवं सफलतापूर्वक सञ्चालन गराउने प्रकृया हो । इन्साइक्लो पेडिया अफ एजुकेशन एण्ड रिसर्च का अनुसार शैक्षिक व्यवस्थापन भनेको कार्यकर्ताहरुको प्रयासमा सामञ्जस्यता स्थापित गर्दै र उपयुक्त सामाग्रीहरुलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रकृया हो । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभई वयस्क र विशेषगरी विद्यालयका कार्यकर्ताहरुको विकासमा चासो राख्दछ । (कोईराला तथा अन्य २०५९)

प्राचिन कालदेखि आधुनिक कालसम्म आइपुग्दा मानवले विविध आरोह र अवरोहहरु पारगर्दै यहाँसम्म आइपुग्नका लागि उसलाई शिक्षाको अपरिहार्यता रहन्छ । नेपाल सरकारबाट शिक्षाका लागि भनेर करोडौंको धनराशी खर्च गरिएको भएता पनि  सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा सुधार आउन नसकिरहेको टड्कारो समस्या अझैपनि यथावत नै छ । यसो हुनुमा पुरानै परिपाटिको शिक्षण विधि तथा पर्याप्त शैक्षिक सामाग्रीको अभाव रहनु र विद्यार्थीका लागि आवश्यक प्रयोगशालको अभाव रहनु जस्ता कुराले नै उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ ।

प्रसिद्ध भाषाशास्त्री जि.ए. ग्रियर्सनले बाल्हीकीजन्य खस भाषालाई पहाडी भाषाको संज्ञा दिएर पश्चिमी पहाडी केन्द्रीय पहाडी र पूर्वी पहाडी भनी तीन वर्गमा बाँडेका छन् । पश्चिमी पहाडी भाषाहरु भनेर गढवाल देखि पश्चिमका पहाडी भेगका भाषाहरुलाई लिइएको छ । यिनमा जौनसारी, सिरमौरी, बधाली, किउन्चली, कुलु, मेण्डेली, सकेती, भद्रवाही, पडोरी आदि स-साना भाषा पर्दछन् । केन्द्रीय पहाडीमा गढवाली र कुमउँनीलाई लिइएको छ । त्यस्तै सिञ्जालीलाई पूर्वी पहाडी भनिएको छ । सिञ्जाली भाषा पर्वते र गोर्खाली भाषाको रुपमा विकसित हुँदै गएर वर्तमान नेपाल अधिराज्यको राष्ट्रभाषा नेपालीमा परिवर्तन भएको हो । पूर्वकालमा यही नेपाली भाषालाई खस भाषा या खस कुरा पनि भनिन्थ्यो । (अधिकारी प्रा. डा. सूर्यमणि २०६१)


देव शमशेरको शिक्षा प्राप्त गर्ने नागरिकको मौलिक हक संवैधानिक कानुनको घोषणाबाट प्राप्त हुँदा अधिराज्यको विभिन्न भागहरुमा धमाधम विद्यालय खोल्ने अभियानमा २००४ सालमा खोलिएका प्राथमिक, मिडियम र हाइस्कूलहरुमा नेपाली भाषा विषय अनिवार्य रहेको थियो । भने अन्य विषयहरु जस्तै : हिसाब, भूगोल, इतिहास, विषयको अध्ययन अध्यापन गर्ने माध्यम भाषा नेपाली नै रहेको थियो ।

वि.सं. २०२८ सालमा नेपाली विषयको पाठ्यभार ८ र पूर्णाङ्क १५० रहेको थियो भने २०४९ सालको परिमार्जित पाठ्यक्रम सुधार गर्दै पाठ्यभार ८ र पूर्णाङ्क १०० राखेको छ । त्यस्तै गरेर विज्ञापन, सामाजिक, सि.अ.क, स्वास्थ्य, गणित विषयको माध्यम भाषा नेपाली नै रहेको छ ।

भाषा भनेको विचार आदन प्रदान गर्ने माध्यम हो । नेपाली भाषा शिक्षणको उद्देश्य बालबालिकालाई नेपाली भाषा सम्बन्धी भाषिक व्यवहारमा कुशल तुल्याउनु हो । भाषिक व्यवहार भित्र भाषिक सीप सम्बन्धी कुराहरु पर्छन् । भाषिक सीप अन्तर्गत सुनाई, वोलाइ, पढाइ र लेखाइ सम्बन्धी कुराहरु आउँछन् । सुनाइ र पढाइ सीपका माध्यमबाट बालबालिकाहरु अरुका भावना, विचार र अनुभव बोध वा ग्रहण गरेर आफ्ना अनुभवलाई बढाउछन् । बोलाइ र लेखाइका माध्यमबाट बालबालिकाहरु आफ्ना भावना विचार र अनुभवहरुलाई अरु समक्ष व्यक्त गर्छन् । यसैले विचार आदन प्रदान गर्ने वातावरणको सिर्जना गर्न उनीहरुलाई भाषिक व्यवहारमा कुशल बनाउनु आवश्यक हुन्छ । (शैक्षिक जनशक्ति विकास केन्द्र २०६१)

विद्यार्थीहरुलाई भाषिक सिपमा अधिक अभ्यस्त बनाउनु नै नपाली भाषा शिक्षण व्यवस्थापनको उद्देश्य हो । नेपाली भाषा शिक्षण व्यवस्थापनको मूल लक्ष्य भाषिक सिप ( सुनाइ, वोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । यस कार्यलाई जटिल कार्यका रुपमा लिइन्छ । भाषा शिक्षण कार्यलाई सरल, सहज, स्वभाविक र प्रभावकारी बनाउन सुझाएका कुराहरुलाई भाषा शिक्षणका सामान्य सिद्धान्त मानिन्छ । भाषा शिक्षण भनेको भाषिक सीपहरुको शिक्षण भएकाले विद्यार्थीहरुमा सुन्ने, वोल्ने, पढ्ने र लेख्ने सिपको विकास गर्न वा भाषिक दक्षता अभिवृद्धि गर्न के-कस्ता शिक्षण प्रकृया वा तरिकाहरु कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । तसर्थ भाषा शिक्षणलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन विभिन्न भाषाविद् तथा विद्वान्हरुले प्रस्तुत गरेका भाषा शिक्षणका केहि सामान्य सिद्धान्तहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । अभ्यास तथा पुनरावृत्ति, वैयक्तिक भिन्नता र वैयक्तिकरण, स्तरीय र उपयुक्तता स्तरण र क्रमवद्धता, रुचीपूर्णता, कक्षा सहभागिता, शिक्षण विधिमा विविधता, पूरक सामाग्रीको उपयोग, योजनावद्ध शिक्षण, एक कालिकता, एकीकृत कार्यक्रम, भाषिक समझको उपयोग ।

नेपाली भाषा शिक्षण व्यवस्थापनलाई प्रभावकारी तुल्याउन विद्यार्थी सहभागिता नै सजिलो र प्रभावकारी माध्यम हो । विद्यार्थीको रुचि, क्षमता, योग्यता, अनुभव, मानसिकता र पृष्ठभूमि हरेर भाषा कक्षाका विभिन्न कार्याकलापहरुमा सहभागिता प्रदान गर्न सकिन्छ त्यति नै विद्यार्थीहरुमा सिकाइ प्रभावकारी हुने विश्वासका कारण कक्षा सहभागिता सिद्धान्त पनि अघि सारिएको पाइन्छ । यस कारण कक्षा सहभागिता सिद्धान्त अनुसार नेपाली भाषा कक्षामा विद्यार्थीहरुको एउटा सीमित समूह हुन आवश्यक हुन्छ । थोरै थोरै विद्यार्थीहरु भएको भाषा कक्षामा विद्यार्थीहरुलाई अधिकतम रुपमा कक्षा क्रियाकलापका लागि अभिप्रेरित गर्न सकिन्छ । सुनाइ सिपको विकासका लागि अपनाइने कार्यकलाप हुन वा वोलाइ सिपको विकासको लागि अपनाइने कार्यकलाप हुन जुनसुकै सिपको विकासको लागि पनि कक्षा कार्यकलापको विद्यार्थीहरुको अधिकतम सहभागिताबाट नै भाषा शिक्षण प्रभावकारी एवम् उपलब्धिपूर्ण हुने गर्दछ । कुनै विद्यार्थी कमजोर छ र कुन विद्यार्थी दक्ष छ भन्ने कुराको स्वच्छ जानकारी कक्षा सहभागिताबाट सहज रुपमै निर्क्यौल गर्न सकिन्छ । शिक्षकद्वारा सिकाइएको कुरा विद्यार्थीले बुझ्नेनन् भने त्यसको भागिदार शिक्षक नै हुने गर्दछ भन्ने कुराको समाधानका लागि विद्यार्थी सहभागिताको सिद्धान्त नै फलदायी हुने गर्दछ । सुनाइ र पढाइबाट बोध हुन्छ, बोध नभैकन अभिव्यक्ति हुँदैन । सुनाइ बोलाईको आधार हो । सुनाइ र पढाइ भाषाका आदानात्मक सिप हुन् भने वोलाइ र लेखाइ प्रदानात्मक सीप हुन् । यी भाषिक सिपहरुको एक अर्कासँग अन्तरसम्बन्ध हुन्छ । तलको चित्रले पनि यो कुरा स्पष्ट पार्न सकिन्छ ।




बोलेको लेख्ने र लेखेको पढ्न सकिने र पढेको सुन्न र भन्न सकिने हुँदा यी भाषिक सिपहरुको एक आपसमा घनिष्ट सम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ । (शर्मा, २०७२)

## १.२ समस्याको कथन

नेपाल बहुभाषिक भएको देश हो । नेपाल अधिराज्यको संविधान २०४७ ले आफ्ना बालबालिकाहरुलाई प्राथमिक तहसम्मको शिक्षा आफ्नै मातृभाषामा दिन सकिने गरि विद्यालय सञ्चालन गर्ने अधिकार प्रत्येक समुदायलाई प्रत्याभूति गरेको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार ऐच्छिक विषयका रुपमा प्रथमिक तहका बालबालिकाहरुलाई स्थानीय भाषाका रुपमा मातृभाषाको पठनपाठनको व्यवस्था मिलाउने प्रावधानले शिक्षाको नीतिगत कुराहरुमा विकेन्द्रकरणको अवधारणामा ल्याएको पाइन्छ । बहुभाषिक देश भएकोले कतिपय आधारभूत विद्यालयमा बहुभाषिक कक्षामा नेपाली विषयको शिक्षकहरुले दोस्रो भाषाका रुपमा नेपाली भाषा शिक्षण गर्नुपर्ने र बालबालिकाहरुमा नेपाली विषयका सिकाइ उपलब्धि हासिल गराउनुपर्ने भएको हुँदा कठिनाइ अनुभव हुन स्वभाविक हुन्छ ।

नेपाली भाषा शिक्षणको प्रसङ्गमा प्राथमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुलाई पहिलो भाषा र दोस्रो भाषाका रुपमा नेपाली भाषा सिक्ने विद्यार्थी भनेर वर्गीकरण गर्न सकिन्छ । पहिलो भाषाका रुपमा नेपाली भाषा सिक्ने बालबालिका भन्नाले उनीहरुको घर परिवारमा पनि नेपाली भाषा नै प्रयोग हुन्छ र उनीहरुले शुरुमा जानेको भाषा नै नेपाली भाषा हो । घर परिवारमा नेपाली भाषा सिकेका बालबालिकाले कश्य नेपाली भाषाको सामान्य प्रयोग गर्ने क्षमता घर परिवारबाटै हासिल गरिसकेका हुन्छन् । मातृभाषा अर्कै भएका बालबालिकाको लागि नेपाली भाषा कठीन हुने र नेपाली भाषा राष्ट्र भाषा भई कार्यालयमा तथा सरकारी कामकाजको लेखापढी हुने मुख्य भाषा भएकोले सिक्न अनिवार्य भएको छ ।

नेपालमा शिक्षाको विकासका लागि सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय संघ संस्थाहरु लागि परेका छन् । आधारभूत शिक्षा विकास गर्ने हेतुले विद्यालय भवनहरु निर्माण तथा पुनः निर्माण गर्ने, भौतिक सुविधाहरु उपलब्ध गर्ने, पाठ्यक्रम पाठ्यपुस्तकहरु परिमार्जन गर्ने शिक्षक तालिम दिने, आधारभूत शिक्षा सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान गर्ने जस्ता कार्य भइरहेका छन् । तर यी सम्पूर्ण प्रयासका बाबजुद पनि अपेक्षाकृत रुपमा शिक्षाको विकास हुन सकिरहेको छैन । किनकी आधारभूत विद्यालयमा सहज विद्यार्थी भर्ना प्रतिशत बढी देखिएता पनि वास्तविक विद्यार्थी भर्ना प्रतिशत बढी हुन सकेको छैन । अर्को तर्फ भर्ना भएका कतिपय विद्यार्थीहरु बीचैमा विद्यालय छोड्छन् र कतिपयले कक्षा दोहोऱ्याउछन् ।

त्यस्तै प्राथमिक विद्यालय चक्र पूरा गरी पढ्ने विद्यार्थीको संख्या पनि कम छ । अध्ययन अनुसन्धानले विद्यार्थीहरुको उपलब्धि स्तर ५० प्रतिशत भन्दा कम देखिएको छ । अतः आधारभूत शिक्षाको संख्यात्मक तथा गुणात्मक दुबै पक्षको विकास सन्तोषजनक रुपमा हुन सकिरहेको छैन । (शैक्षिक जनशक्ति विकास केन्द्र २०६१)

विद्यालय तहमा नेपाली विषयको उपलब्धि गणित, अंग्रेजी, विज्ञान भन्दा केहि बढी समय दिने र नेपाली भाषा विषयको परीक्षा शुरु हुने समयमा मात्रै अध्ययन गर्ने, विद्यार्थीको कम रुचीको कारणले गर्दा नेपाली विषयको उपलब्धि वास्तविक रुपमा जे जति बढ्नु पर्दथ्यो त्यसो हुन सकेन विद्यालयका विभिन्न तहगत र कक्षागत नेपाली शिक्षकले प्रयोग गरेको शिक्षण व्यवस्थापन प्रभावकारी नहुँदा शिक्षण सिकाइ प्रकृयामा असर पुगेको हो की ? शैक्षिक सामाग्री प्रयोग गर्न नसक्ने विद्यालयमा चाडपर्व, सार्वजनिक विदा, बन्द हड्तालले गर्दा विद्यालयमा कम कक्षा सञ्चालन हुने, नेपाली भाषा शिक्षण प्रकृया र शैक्षिक उपलब्धि बीच सम्बन्ध तालमेल नहुने ? शैक्षिक उपलब्धिले उपेक्षित नतिजा हासिल गर्न नसक्नु समस्या तथा कमजोरीहरु के-के हुन ? ती समस्याको समाधानले शिक्षण क्रियाकलापमा सुधार भई कसरी शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ जस्ता प्रश्नहरु समस्याका रुपमा रहेको पाइयो ।

आधारभूत विद्यालयमा कुनै पनि विषयको शिक्षण गर्न विषयगत शिक्षक नहुनु सबै विषयहरु अध्यापन गर्नु, दोस्रो भाषाका विद्यार्थीलाई उच्चारण सम्बन्धी कठिनाई तुलनात्मक रुपमा व्याकरण सम्मत भाषाको प्रयोगमा आइपर्ने कठीनाइ, शब्द भण्डारको अभाव वा कमीले आइपर्ने कठिनाइ, मातृभाषाको संरचनाले पारेको असर र मातृभाषामा परिसकेको भाषिक बानीका कारण उत्पन्न हुने कठिनाइ, भाषिक वतावरण पर्याप्त मात्रामा नपाउँदा हुने अवरोध, भाषाका मौलिक विशेषताहरु फरक फरक हुने भएकाले भाषाको मौलिक स्वरुप वा विशेषता पहिल्याउन आइपर्ने कठीनाईजस्ता समस्याहरु हटाउन के-कस्ता उपायहरु अपनाउन सकिन्छ ? आदि जस्ता प्रश्नहरुमा जिज्ञासा उत्पन्न भएकोले "विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर" शीर्षकलाई समस्या कथनको रुपमा छनौट गरिएको छ । आफ्नो अध्ययन अनुसन्धानको विषय नै नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धिलाई अध्ययनको विषय बनाइएको छ ।

## १.३ अध्ययनको औचित्य

आधारभूत विद्यालय अन्तर्गत कक्षा ५ को स्तरीकरण परीक्षाको नतिजा हेर्दा नेपाली भाषा विषयको शैक्षिक उपलब्धि बढी देखिएता पनि उच्चतम अथवा बढ्दो उपलब्धि भने देखिएको छैन । यस अध्ययन अनुसन्धानमा नेपाली भाषा विषयको शिक्षण गर्दा देखा परेका कमी कमजोरी औल्याएर सम्बन्धित पक्षलाई सुझाव दिने, त्यसमा देखिएका समस्याको न्यूनीकरण गर्ने र नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा वर्तमान् अवस्था पत्ता लगाउने कार्यहरुलाई नै यस अध्ययन अनुसन्धानको औचित्यको रुपमा लिइएको छ ।

सम्बन्धित विषयका लागि पर्याप्त अभ्यास र सम्बन्धित शैक्षिक सामाग्री भएको खण्डमा मात्र शिक्षण प्रभावकारी हुन गई शिक्षाको अपेक्षित उपलब्धि हासिल हुने सम्भावना रहन्छ तर हाम्रो देशको परिवेश फरक छ, त्यसमा पनि सामुदायिक विद्यालयको अवस्थालाई नै मध्यनजर गरेर भन्ने हो भने प्राप्त मात्रामा स्रोत र साधन भएर पनि त्यसको उचित व्यवस्थापन वा प्रभावकारी ढंगबाट कार्यान्वयन नै हुन सकिरहेको छैन । सामुदायिक विद्यालयमा नेपाली भाषा विषयको भाषीक सीपहरुको प्रशस्त अभ्यास र उचित शैक्षिक सामाग्रीको प्रयोग गरेर अध्ययन अध्यापन गर्न सकेको खण्डमा नेपाली विषयमा सन्तोषजनक उपलब्धि हासिल हुन सक्ने सम्भावना पर्याप्त मात्रामा देखिन्छ । आवश्यक मात्रामा नेपाली भाषा विषयको शिक्षणमा भाषिक सीप प्रयोग गरी सीप अभ्यास गराउन नसक्नुको कारणहरु के-के हुन् ? भाषिक सीपको प्रभावकारी ढंगबाट उपयोग गर्न के-कस्ता कार्यसम्पादन र परिचालन गर्न किन सकिरहेको छैन ? उक्त समस्याहरुको अध्ययनगरी न्यूनीकरणको उपाय दिन सकेमा सयन्त्रमा कार्यरत जनशक्तिको उचित परिचालन गर्ने उपाय पत्ता लाग्ने छ । स्पष्ट रुपमा भन्ने हो भने आंशिक मात्रामा भए पनि सामुदायिक विद्यालयमा नेपाली भाषा विषय शिक्षणको व्यवस्थापन गर्नमा सहयोग पुऱ्याउने छ ।

यस अध्ययनको औचित्यलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) विद्यालयको शिक्षण सिकाइ कियाकलापलाई व्यवस्थित गराउनको लागि उपयोगी सिद्ध रहने छ ।

ख) विद्यार्थीहरुको नेपाली भाषा विषयको सिकाइ दिगो स्पष्ट र व्यवहारिक बनाउन मद्दत गर्दछ ।

ग) भाषा विषयको भाषिक सिपको उचित प्रकारले प्रयोग गरी शिक्षकलाई शिक्षण गर्न सजिलो बनाउँछ ।

घ) नेपाली भाषा शिक्षण गर्दा के-कस्ता शैक्षिक सामाग्रीहरुको प्रयोग भई रहेको छ ? शैक्षिक सामाग्रीको उपयोगको अवस्था के-कस्तो छ भन्ने बारेमा जानकारी प्राप्त गर्न सहयोग पुग्ने ।

ङ) कक्षा कोठामा नेपाली भाषा शिक्षण प्रकृया प्रभावकारी हुन नसक्नुको कारणहरु पहिचान गरी समाधानका लागि आवश्यक सुझावहरु दिन ।

च) विद्यालयमा भएका नेपाली भाषा शिक्षण व्यवस्थापन सम्बन्धी अध्ययन गर्नेहरुका लागि सन्दर्भ सामाग्रीको रुपमा प्रयोगमा आउने छ ।

## १.४ अध्ययनको उद्देश्य

१. विद्यालयमा नेपाली भाषा विषय शिक्षणको व्यवस्थापनको वर्तमान् अवस्था पहिचान गर्नु ।

२. नेपाली भाषा विषयको शिक्षणबाट प्राप्त भएका उपलब्धिको विश्लेषण गर्नु ।

३. नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरुको पहिचान गर्नु ।

४. नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरुको न्यूनीकरणका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

क) सामुदायिक विद्यालयको नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन के-कस्तो छ ?

ख) नेपाली भाषा विषयको शिक्षणबाट प्राप्त भएका उपलब्धिहरु के-कस्तो छन् ?

ग) नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा के-कस्ता समस्याहरु भोगीरहेका छन् ?

घ) नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा भोगिरहेका समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

ङ) नेपाली भाषा विषयको सिकाइ उपलब्धि वृद्धि गर्ने उपायहरु के-के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमाहरु

शिक्षामा गुणस्तर ल्याउन विद्यालयमा शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्ध रहन्छ । विद्यालयमा गुणस्तरीय शिक्षा प्राप्त गर्न विद्यालय व्यवस्थापनको महत्वपूर्ण

भूमिका रहन्छ । विद्यालयको स्तरीय शिक्षा प्रदान गर्न कुशल शिक्षक, लगनशील विद्यार्थी, सचेत अभिभावक सिक्नको लागि प्रशस्त शैक्षिक सामाग्री, विद्यार्थी केन्द्रित शिक्षण विधि आवश्यक अतिरिक्त कार्यकलाप आवश्यक छ ।

सिमीत स्रोत साधन र साधनका कारण ठूलो क्षेत्रमा लामो समय लगाएर अध्ययन गर्न असहज रहेको हुँदा निम्न लिखित सीमा भित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

क) चितवन जिल्लाको माडी नगरपालिका भित्रका ५ वटा सामुदायिक अधारभूत विद्यालय मात्र यो अध्ययन सीमित रहेको छ ।

ख) आधारभूत विद्यालय (१-५) नेपाली भाषा विषय शिक्षण व्यवस्थापन र उपलब्धिलाई आधार मानी अध्ययन गरिएको छ ।

ग) अनुसन्धान कार्यका लागि भाषा शिक्षणको व्यवस्थापन सम्बन्धी अन्य विषयलाई नलिई नेपाली भाषालाई आधार मानिएको छ ।

घ) यस अध्ययन अनुसन्धानमा अध्ययनलाई उद्देश्यमुखी बनाउनका लागि तथ्याङ्क सङ्कलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

ङ) यस अध्ययन अनुसन्धानको जनसंख्याका रुपमा छनौटमा परेका ५ वटा विद्यायहरु मध्य प्रधानाध्यापक १ जनाका दरले ५ जना प्रत्येक विद्यालयका नेपाली शिक्षक १ जनका दरले, ५ जना, शिक्षक अभिभावक संघको अध्यक्ष १ जनाका दरले , ५ जना, विद्यालय व्यवस्थापन समिति अध्यक्ष १ जनाका दरले, ५ जना कक्षा ५ को नेपाली भाषा विषयको पाठ्यवस्तु अनुसार कक्षा अवलोकन तथा सहभागिता विद्यालयका ५-५ जना विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जनासँग प्रश्नावली र अन्तरवार्ता प्रश्नावलीको माध्यमद्वारा अध्ययन गरिएको छ ।

ङ) कक्षा शिक्षणको प्रभावकारीता अध्ययनका लागि छनौटमा परेका विद्यालयको आधारभूत तह कक्षा ५ विगत तीनवटा शैक्षिक वर्ष (२०७०-०७१-०७२) सम्मको नेपाली विषयको माडी स्तरीय परीक्षा नतिजाको अध्ययनमा सीमित गरिएको छ ।

च) छनौटमा परेका विद्यालयहरुलाई शिक्षण व्यवस्थापन र उपलब्धिसँग सम्बन्धित विद्यालयका नेपाली शिक्षकको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त सूचनाको आधारमा व्याख्या गरिएको छ ।

छ) छनौटमा परेका विद्यालयका नेपाली शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावक र विद्यार्थीसँगको अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कको आधारमा नेपाली विषयको शिक्षण व्यवस्थापन, उपलब्धिमा देखा परेमा समस्याहरुको पहिचान गरिएको छ ।

ज) छनौटमा परेका विद्यालयको नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र कक्षा ५ को नेपाली भाषा उपलब्धिमा देखा परेका समस्याहरुसँग हुने खालका कुराहरु प्रश्नावली र अन्तरवार्ता प्रश्नावली, कक्षा अवलोकनबाट प्राप्त सूचनाका आधारमा लेखाजोखा गरिएको छ ।

झ) छनौटमा परेका विद्यालयमा नेपाली भाषा विषय शिक्षक, प्र.अ., वि.व्य.स.का अध्यक्ष र सम्बन्धित विद्यार्थीसँग प्रश्नावली र अन्तरवार्ता प्रश्नावलीका माध्यमबाट छलफलद्वारा प्राप्त सूचना र प्रभावकारी सुझावहरुलाई मुख्य आधार मानि समस्या समाधानको लागि सुझाव पेश गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

विद्यालयमा नेपाली भाषा विषय शिक्षणको व्यवस्थापनमा यसभन्दा पहिले गरिएको अनुसन्धानात्मक लेखहरु, पुस्तिका, पत्रपत्रिकामा निस्किएका यस सम्बन्धी अंकहरु शिक्षा विद्हरुका रचनाहरु प्रतिवेदन तथा सरकारी एवम् गैरसरकारी तथ्याङ्क एवम् वुलेटिनहरुको अध्ययन गर्ने कामलाई यस सोध कार्यमा पूर्वसाहित्यको पुनरावलोकन रुपमा लिइएको छ । विद्यालयको भाषिक विषयको व्यवस्थापन क्षेत्रमा संलग्नरही काम गर्ने संघसंस्था, बालमनोवैज्ञानिक शिक्षाविद् तथा अन्य सरोकारवालाहरुले यस सम्बन्धमा आफ्ना अनुसन्धान पनि प्रकाशनमा ल्याएको पाइन्छ । बालबालिकाहरुको भाषिक पक्षको विकासले उचित दिशा निर्देशन गरी शैक्षिक ज्ञान हासिल गराउन मद्दत गर्दछ । आधरभूत विद्यालयका बालबालिकाहरु भाषिक सीपमा दक्षता हासिल गरेमा अन्य विषयको सिकाइ उपलब्धीमा पनि गुणस्तरीयता कायम रहन्छ । अधारभूत तहमा समग्र अवस्थामा के कस्तो वालमैत्री अभ्यास छ भनी अध्ययन गर्न फ्रोबेल, मन्टेश्वरी सिद्धान्त एवम् थर्नडाइकको पुरस्कार र दण्डको सिद्धान्तलाई आधारको रुपमा लिइएको थियो ।

## २.१ सम्बन्धित सहित्यको पुनरावलोकन

शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरुलाई सफलतापूर्वक गर्ने गराउने एउटा प्रक्रिया हो । यस भित्र शिक्षण एवम् सिकाइमा आधारित लक्ष्य तथा तिनीहरुको विकासमा सहयोग गर्ने शिक्षण सिकाइको उपयुक्त कार्यकमको तर्जुमा, संचालन र व्यवस्थापन गरिएको हुन्छ । शैक्षिक कियाकलापहरु संचालन गर्न र समग्ररुपमा शिक्षाको व्यवस्थापन गर्नको लागि शैक्षिक व्यवस्थापन हुनु आवश्यक छ । तर कसरी कार्यक्रमको तर्जुमा गर्ने भन्ने बारेमा प्रकियागत खाकाको खाँचो पर्दछ । शिक्षण सिकाइबाट शैक्षिक उपलब्धि उच्च होस् भन्नका लागि त्यस्ता प्रकियाको आवश्यक पर्नु स्वभाविक हो, (अधिकारी, २०६२) ।

शिक्षण सिकाइको सन्दर्भमा पनि व्यवस्थापन त्यतिकै महत्वपूर्ण छ । योजना, संगठन, नियुक्ति नियन्त्रणको प्रभावकारितामा मौलिक उद्देश्य प्राप्त गर्न एक प्रकियाको रुपमा रहेको व्यवस्थापनलाई शैक्षिक व्यवस्थापन भनिन्छ । खासगरी शैक्षिक व्यवस्थापन भनेको कार्यकर्ताहरुका प्रयासमा समान्जस्य स्थापीत गर्नु र उपयुक्त सामाग्रीहरुलाई मानवीय

गुणको विकास हुनेगरी परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभै वयस्क र विशेषगरी विद्यालयमा कार्यकर्ताहरुको विकासमा चासो राख्दछ, (शर्मा, २०६२) ।

प्रभावकारी सिकाइ नहुँदा उद्देश्य वा उपलब्धि प्राप्त हुने सम्भावना अत्यन्तै कम हुन्छ । शिक्षा वा सिकाइको महत्वपूर्ण आधार कक्षाकोठा हो । तसर्थ कक्षाकोठाको व्यवस्थापन जरुरी हुन्छ । शैक्षिक उद्देश्यहरुको प्राप्तीको निम्ती समूह र कक्षाकोठाको आन्तरिक वतावरण निर्माण गर्न प्रक्रियालाई कक्षा व्यवस्थापन भनिन्छ । कक्षाकोठाको व्यवस्थापन भनेको कक्षाकोठाको भौतिक एवम् मानवीय सम्बन्ध उपयुक्त हुनु हो । कक्षाकोठाको बनोट, नाप, हावा, प्रकाश, फर्निचर, सामाग्री, बसाइ व्यवस्थापन, सामुहिक सम्बन्ध आदि तत्वहरु कक्षाकोठाको व्यवस्थापन अन्तर्गत पर्दछन् । कक्षा शिक्षणमा शिक्षण सिकाइको लागि उपयुक्त वातावरण सिर्जना गर्नु कक्षा व्यवस्थापन हो । यसले अनुशासन र कक्षा नियन्त्रण गराउन सहयोग हुन्छ । शिक्षण सिकाइको कममा कक्षाको सिकारुको आकार, सिकारुहरुको उमेर, पृष्ठभूमि, समूहबीचको परस्पर सम्बन्ध, विषयवस्तुको प्रकृति, संगठन, स्थान, स्रोत एवम् सुविधाले प्रत्यक्ष रुपमा कक्षा व्यवस्थापनलाई प्रभावित राख्दछन् । अतः कक्षाकोठामा गरिने शिक्षण सिकाइका लागि अनुकूल वातावरणको सिर्जना गर्नु, भौतिक व्यवस्थापन, सामाग्री व्यवस्थापन र सिकारु कियाकलाप केन्द्रित व्यवस्थापनको आवश्यकता पर्दछ । कक्षाकोठा व्यवस्थापनमा खासगरी कक्षाकोठाको वातावरण, कक्षाको भौतिक अवस्था, बसाइँ अवस्था, कक्षा संचालनको तालिका, सामाग्री व्यवस्था, समूह व्यवस्थापनजस्ता महत्वपूर्ण पक्षहरु रहेका हुन्छन्, (पन्थ, २०६३) ।

सिकाइलाई प्रभावकारी बनाउनमा प्रयोगात्मक सामाग्रीको आवश्यकता रहन्छ । यसर्थ सम्बन्धित संस्थाहरुले तालिम प्रभावकारी बनाई यसबाट विद्यालयका कक्षाकोठामा उपयोग गरी बालबालिकालाई नविनतम् ज्ञान र सीप प्रदान गर्न सकेमा मुलुकले कल्पना गरेअनुरुपको सक्षम जनशक्ति प्राप्त गर्ने आशा गर्न सकिन्छ । तालिम प्राप्त शिक्षकबाट नै स्थानीय तथा कम मूल्यका शैक्षणिक सामाग्रीहरुको आफ्नो विषयसँग अत्यधिक मात्रामा उपयोग हुनसकेको खण्डमा विश्वका बालबालिकासँग हाम्रा बालबालिका कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्षम हुन्छन् भन्ने विश्वास गर्न सकिन्छ, (हाडा, २०६०) ।

व्यवसायीक, प्रशासकीय तथा व्यवस्थापकीय व्यक्तिहरुका विद्यार्थीहरुको असफता दर २७ प्रतिशत छ भने अन्य समूहका विद्यार्थीहरुको असफलता दर ६१ प्रतिशत छ । अभिभावकको शिक्षा, व्यवसाय, परिवारको आकार, आय तथा संस्कृति उच्च भएका विद्यार्थीहरुको शैक्षिक उपलब्धि निम्न समूहका विद्यार्थीहरुको तुलनामा उच्च देखिएको देखाइएको छ, (खनाल, २०५९) ।

शिक्षा विकासको मेरुदण्ड भएकाले विकसित समाजका लागि समयसापेक्ष एवम् उपयोगी शिक्षा आवश्यकता पर्दछ । भनि औल्यायका छन् । शिक्षण सिकाइ वातावरणलाई प्रभावकारी तथा आकर्षक बनाउनका लागि शिक्षक, व्यवस्थापन पक्ष र निरीक्षकहरुको त्रिकोणात्मक प्रयासलाई जोड दिएका छन्, (वि.सी., २०५९) ।

जुन विद्यालयमा तालिम प्राप्त विषयगत शिक्षकहरुको उपलब्धता रहेको छ, प्र.अ., शिक्षक शिक्षिकाहरु, वि.व्य.स. पदाधिकारी, शिक्षक अभिभावक संघ, अभिभावक र विद्यार्थी बीच सुमधुर सम्बन्ध रहेको छ । त्यस विद्यालयको उपलब्धि/एस.एल.सी. को परिणाम उच्च रहेको पाइयो भने यसको विपरित अवस्था रहेमा शैक्षिक उपलब्धि एस.एल.सी. परिणाम न्यून हुने अभिमत प्राप्त गरियो, (दंगाल, २०६४) ।

फ्रोवेल किन्डर गार्टन को सिद्धान्तलाई आधार मानिएको प्रस्तुत अध्ययनमा विद्यालयमा अध्यापन गर्दा उपयुक्त ढंगले गर्नुपर्ने, विद्यार्थीलाई गृहकार्य दिँदा, डायरीको प्रयोग गर्नुपर्ने, अभिभावकमा जनचेतना जगाउनु पर्ने, केवल पाठसँग सम्बन्धित नभइ अन्य वौद्धिक गृहकार्य विद्यार्थीहरुलाई प्रोत्साहनको लागि सम्मान तथा पुरस्कारको व्यवस्था निरिक्षण तथा अनुगमन जस्ता कार्यकलापबाट विद्यार्थीका नियमित रुपमा गृहकार्य गर्ने बानीको निर्माण हुन सके शैक्षिक उपलब्धि समेत वृद्धि गर्न सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

सरोकारवालाहरु सामुदायिक विद्यालयको उपलब्धि प्रति सन्तुष्ट हुन सकेनन, विद्यालय संचालन एवम् व्यवस्थापन प्रक्रिया प्रभावकारी बनाउन सरोकारवालाहरुको प्रत्यक्ष सहभागीता रहनु पर्ने आवश्यकता महसुश गरियो । यद्यपी हालसम्म पनि स्थानीय आवश्यकता अनुसार समुदायको अग्रसरता र जिम्मेवारीमा समुदायिक विद्यालयहरुको स्थापना र संचालन हुँदै आएको छ । यही यथार्थलाई हृदयगंम गरी स्थानीय स्वायत्त शासन ऐन २०५५ ले शिक्षा सम्बन्धी नीति तथा कार्यकम तर्जुमा, कार्यान्वयन एवम् विद्यालय व्यवस्थापनको जिम्मेवारी स्थानीय निकायलाई प्रदान गर्ने व्यवस्था गर्‍यो, (शर्मा, २०६३) ।

सन् २०१५ सम्मका सबैका लागि शिक्षामा सातओटा लक्ष्यहरु निर्धारित गरेको छ । यसै कार्ययोजनाले यी लक्ष्यहरु परिपूर्तिका लागि अल्पकालिन र दीर्घकालिन रणनीतिहरु तय गरेको छ । राष्ट्रिय एव् अन्तराष्ट्रिय स्तरमा गरिएको सामुहिक प्रतिवद्धतामा प्राविधिक क्षमता तथा स्रोतको अभावले गर्दा कुनै पनि देशको शिक्षा क्षेत्रमा पछाडि नपरोस भन्ने कुरा यस ढाँचाको प्राथमिकता हो । नेपालमा आधारभूत र प्राथमिक शिक्षाको विकासका लागि यो अन्तराष्ट्रिय प्रतिवद्धतालाई प्रेरणा र सहयोग गरी दुई रुपमा लिइएको छ । देशले सबैका लागि शिक्षा अभियानको निरन्तरतालाई शैक्षिक विकासको मुल रणनीतिको रुपमा ग्रहण गरेको छ । सोही क्रममा प्रत्येक देशको सबैका लागि शिक्षाका लक्ष्यहरु परिपूर्ति गर्ने राष्ट्रिय कार्ययोजना सन् २००२ सम्ममा तयार गर्नुपर्ने प्रतिवद्धता अनुसार डकार कार्यढाँचाका आधारमा नेपालले पनि राष्ट्रिय कार्ययोजना तयार गरी सरकारले यसलाई स्वीकृती समेत प्रदान गरिसकेको छ, (सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल, २००१-२०१५) ।

व्यवस्थापकीय पठनपाठनका दृष्टिले नेपालका अधिकांश विद्यालयहरु अझै पनि परम्परागत ढाँचामा नै संचालित छन् । हाम्रा विद्यालयहरुको पठन पाठनको समग्र परिवेश अझै पनि घोकउने तर्फ बढी केन्द्रित छ । केन्द्रीय तहबाट उपलब्ध गराइएका पाठ्य तथा शैक्षिक सामाग्रीहरु मात्र विद्यालयहरुमा प्रयोग भईरहेका छन् । स्थानीय तहमा उपलब्ध हुन सक्ने शिक्षण तथा सिकाइ सामाग्रीहरु बहुतै कम प्रयोग भएको छ । यसले गर्दा बालबालिकाको सिकाइको गति, अनुभव र क्षमताको पठनपाठनलाई उचित रुपमा संवोधन गर्न सकिएको छैन । यी २ यस्ता कारणलाई सम्बोधन गर्न वालमैत्री विद्यालयको आवश्यकता भएको हो । विद्यालयमा वालमैत्री वातावरण भएमा बालबालिकाले चाडो सिक्ने, पढाइ लेखाइमा मानसिक तनाव कम हुने आदि जस्ता राम्रा पक्षहरु भएको हुँदा विद्यालयलाई वालमैत्री बनाउनु परेको हो । तर विद्यालयलाई वालमैत्री बनाउँदा के-कस्तो आधारहरु चाहिने हो भन्ने कुराको निर्क्यौल गर्न नै यो प्रारुप तयार पारिएको हो ।  यस प्रारुपले राष्ट्रिय नीतिअनुरुप वालमैत्री विद्यालयका न्यूनतम तथा अपेक्षीत मापदण्डहरु गर्नुपर्ने पक्षहरुको पहिचान र अनुगमन तथा मूल्याङ्कन कार्यलाई वस्तुगत र प्रभावकारी बनाउने विषयहरुमा पथ प्रदर्शन गर्दछ, (बालमैत्री विद्यालय प्रारुप, २०६७) ।

पाठको उद्देश्य प्राप्तिमा सघाउ पुर्‍याउन शैक्षिक प्रयोगात्मक सामाग्रीको संकलन, प्रयोग आदि सबै पक्षमा कलात्मक मनोवैज्ञानिक चिन्तनको उपयोग गर्नु पर्दछ । शैक्षिक

सामाग्रीको निर्माण मूलतः सस्तो शुलभ र स्थानीय स्रोतबाट प्राप्त हुने वस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनु पर्दछ । ताकी त्यसको प्रयोगबाट शिक्षण प्रभावकारी हुन सकोस् । शैक्षिक सामाग्री रमाइलो मात्र नभई बालबालिकामा जिज्ञासा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने प्रवृत्तिको हुनुपर्दछ । शैक्षिक सामाग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँछ । प्रस्तुत धारणालाई छर्लङ्ग पार्दछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइ राखेको हुन्छ । यसरी विषय अनुसारका प्रयोगात्मक सामाग्रीकोहरुको उचित मात्रामा प्रदर्शन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकारी हुने कुराको व्यख्या एवम् विश्लेषण गरिएको छ, ( पौडेल, २०५९) ।

वर्तमान नेपाली भाषापाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपताको आधारमा अध्ययन गर्ने, नमुना अभ्यासको सबल र दुर्बल पक्ष केलाउनु, विधि तथा सिपगत वितरणको आधारमा नमुना अभ्यासको वर्गीकरण गर्ने, नमुना अभ्यासको सुधारको सुझाव पेस गर्नु रहेको छ । प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी प्रस्तुत शीर्षकमा अध्ययन गरेको पाइन्छ । प्रस्तुत अध्ययनबाट शब्दवर्गमा ध्यान नदिएको सुनाइ र पढाइको तुलनामा लेखाइ सिपमा जोड दिइएको, वस्तुगत प्रश्नलाई समानुपातिक रूपमा समावेश नगरिएको निष्कर्ष निकालिएको छ । त्यसैगरी पाठ्यक्रमका उद्देश्य अनुरूपका अभ्यासहरू राखिनुपर्ने, विद्यार्थीको उमेर, स्तर र रुचिलाई ख्याल गरी नमुना अभ्यास निर्माण गर्नुपर्ने, व्याकरणका अभ्यासमा क्रमवद्धता मिलाउनुपर्ने जस्ता सुझाब दिइएको छ । यस शोधकार्यबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुनाका साथै विषयवस्तुको क्षेत्र विस्तार गर्न सहयोग प्राप्त हुने देखिन्छ, (कोइराला, २०६९) ।

भाषापाठ्यपुस्तकका विशेषताहरूअन्तर्गत नमुना अभ्यास पनि पाठ्यपुस्तकको महत्वपूर्ण आन्तरिक विशेषताको रूपमा चर्चा गरिएको छ । उक्त शीर्षकमा नमुना अभ्यास भाषापाठ्यपुस्तकको अभिन्न अङ्ग हो र यसको पाठ्यपुस्तकमा महत्वपूर्ण स्थान र व्यवस्था हुने कुरा उल्लेख गरिएको छ । नमुना अभ्यासलाई कम महत्व दिने र पर्याप्त विविधता अँगाल्न नसक्ने पाठ्यपुस्तक भाषिक सिप विकासका दृष्टिले स्तरयुक्त नमानिने कुरा उल्लेख गरिएको छ । भाषा पाठ्यपुस्तकले पाठ्यक्रमका भाषिक उद्देश्य पूरा गर्ने गरी अभ्यासहरूको उपयुक्त र स्तरयुक्त व्यवस्था मिलाउनु आवश्यक हुने र अभ्यासको स्तर पनि कक्षा, विद्यार्थी, क्षमता, रुचि र सिकाइ प्रवृत्ति अनुरूप तय गर्नुपर्ने कुरा उल्लेख

गरिएको छ । अभ्यासहरू सरलदेखि जटिलको क्रममा स्तरणीकृत गर्नुपर्ने र पहिचानात्मक किसिमका मात्र नभई प्रयोगात्मक र उत्पादनात्मक अभ्यासहरूको पनि आवश्यक सन्तुलन मिलाउनुपर्ने कुरा उल्लेख गरिएको छ । भाषिक सिपको एकीकृत व्यवस्था गरी पाठको प्रकृति र प्रस्तुति ढाँचासँग मेल खाने गरी क्रमशः मौखिक, लिखित र प्रयोगात्मक, अभ्यासको व्यवस्था गरिनुपर्ने कुरा उल्लेख गरिएको छ । सम्बन्धित पाठबाट उपयुक्त व्याकरणात्मक अभ्यासको पनि व्यवस्था मिलाउनुपर्ने कुरा उल्लेख गरिएको छ । शब्द भण्डारगत अभ्यास र सिर्जनात्मक अभ्यासहरूको पनि आवश्यक तर्जुमा र व्यवस्था मिलाई विभिन्न विषय क्षेत्रसम्बन्धी शैली र प्रयोगका विविध पक्षलाई समेटी आवश्यक अभ्यासात्मक व्यवस्था मिलाउनुपर्ने कुरा उल्लेख गरिएको छ । यस शोधकार्यबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुनाका साथै विषयवस्तुको क्षेत्र विस्तार गर्न सहयोग प्राप्त हुने देखिन्छ, ( पौडेल, २०६९)

पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट, नमुना अभ्यासको अध्ययन गर्नु, विवेचना गर्नु, नमुना अभ्यासहरूको वर्गीकरण र विश्लेषण गर्नु, कमीकमजोरी सुधारका लागि सुझाब पेस गर्नु रहेको छ । पुस्तकालयीय खोज विधिमा आधारित रहेर प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ । उक्त शोधपत्रमा कक्षा पाँचको राम्रो नेपाली किताब पाठ्यक्रम अनुरूप छ वा छैन भनी प्रष्ट्याउन खोजिएको, नमुना अभ्यासलाई सिपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको, पाठ्यक्रम अनुरूपताका आाधरमा नमुना अभ्यासको विश्लेषण गरिएको छ । भाषिक सिपलाई सन्तुलित रूपमा वितरण गरिनुपर्ने, लेखाइ सिपलाई मात्र जोड नदिइ अन्य भाषिक सिपलाई पनि विशेष ख्याल गरी नमुना अभ्यास समावेश गर्नुपर्ने जस्ता सुझाबहरू दिइएको छ । यस शोधकार्यबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुनाका साथै विषयवस्तुको क्षेत्र विस्तार गर्न सहयोग प्राप्त हुने देखिन्छ, (कोइराला, २०७०) ।

पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् वा छैनन् ? भाषिक अभ्यासहरूको भाषिक सिपका आधारमा स्वरूप पहिल्याउनु, विधाको प्रयोजनअनुसार नमुना अभ्यास रहे नरहेको औंल्याउनु, तहगत दृष्टिले नमुना अभ्यासहरू के-कस्ता छन् निर्क्योल गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ । पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेर उक्त शोधकार्य गरिएको छ । निष्कर्षमा भाषिक सिप सम्बन्धी अभ्यासमा

बोलाइ सिप कम प्रयोग भएको, लेखाइ सिपलाई बढी प्राथमिकता दिइएको, विधा अनुरूपको प्रश्नमा जोड नदिइएको, व्याकरणात्मक अभ्यासमा दुबै कक्षामा व्याकरणका कोटिहरूको परिचयात्मक अभ्यास नभएको पाइन्छ । पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गर्ने अभ्यास निर्माण गर्नुपर्ने, व्याकरणका अभ्यासलाई क्रमबद्ध रूपमा राखिनुपर्ने, दुबै कक्षामा सुनाइ र बोलाइ सिपसँग सम्बन्धित प्रश्न बढाउनुपर्ने जस्ता सुझावहरू दिइएको छ । यस शोधकार्यबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुनाका साथै विषयवस्तुको क्षेत्र विस्तार गर्न सहयोग प्राप्त हुने देखिन्छ, (कँडेल २०७०) ।

अभ्यासहरू पाठ्यपुस्तकका पाठहरू अनुरूप छन् वा छैनन्, अभ्यासहरू भाषिक सिपका आधारमा समाविष्ट गरिएका छन् वा छैनन् ? भाषिक अभ्यासहरू उद्देश्य पूरा गर्न कत्तिको सहयोगी छन् ? भन्ने रहेको छ । पुस्तकालयीय अध्ययन विधिमा आधारित/केन्द्रित रहेर यो अध्ययन गरिएको छ । उक्त अध्ययनबाट नमुना अभ्यासमा विधागत, वस्तुगत र अन्य प्रकृतिका प्रश्नहरू समावेश गरिएको देखाइएको छ । विविध प्रकृतिका प्रश्नहरू समावेश गर्नु, पाठको विषयवस्तु अनुरूप शब्दभण्डारसँग सम्बन्धित अभयासलाई समावेश गर्न खोज्नु पाठ्यपुस्तकका सबल पक्ष रहेका छन् । समानुपातिक रूपमा चारै सिपलाई अभ्यासमा समावेश गर्न नसक्नु, विषयगत र वस्तुगत प्रश्नहरूमा एकरूपता नहुनु दुर्बल पक्ष रहेका छन् । यस अध्ययनबाट पाठ्यक्रमले निर्धारण गरेका विशिष्ट उद्देश्य प्राप्त गर्न सक्ने हेतुले अभ्यासको निर्माण गर्नुपर्ने, विषयगत र वस्तुगत प्रश्नका प्रचलित सबै स्वरूपलाई अभ्यासमा समावेश गरिनुपर्ने जस्ता सुझाव दिइएको छ । यस शोधकार्यबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुनाका साथै विषयवस्तुको क्षेत्र विस्तार गर्न सहयोग प्राप्त हुने देखिन्छ, (खड्का, २०७०) ।

सैद्धान्तिक दृष्टिले नमुना अभ्यासको विश्लेषण गर्नु, पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासहरूको अध्ययन गर्नु, विधा अनुरूपताका आधारमा नमुना अभ्यासहरूको वितरण के-कस्तो छ ठम्याउनु, नमुना अभ्यासको सुधारको लागि सुझाव दिनु रहेको छ । पुस्तकालयीय अधययन विधिमा आधारित रहेर गरिएको अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरेको पाइन्छ । उक्त अध्ययनबाट अभ्यासमा सिर्जनात्मक प्रश्नहरू विषयवस्तुमा कम समावेश भएको, विद्यार्थीका बौद्धिकता परीक्षण गर्ने खालका वस्तुगत प्रश्नहरू कम मात्रामा समावेश, व्याकरणात्मक अभ्यासहरू समावेश गरिएका, शुद्धलेखन, शब्दार्थ लेखन,

सबै विधामा समावेश गरिएको कुरा अध्ययनको निष्कर्ष निकालिएको छ । पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्ने खालका अभयासहरू पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने, स्वतन्त्र अभिव्यक्ति दिने खालका प्रश्नहरूको सङ्ख्या बढाएर राख्नुपर्ने साथै विधाको क्षेत्र र क्रम मिलाएर समावेश गर्नुपर्ने सुझाव दिइएको पाइन्छ । यस शोधकार्यबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुनाका साथै विषयवस्तुको क्षेत्र विस्तार गर्न सहयोग प्राप्त हुने देखिन्छ, (बस्नेत, २०७०) ।

पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गर्नु, नमुना अभ्यासको वर्गीकरण गर्नु र नमुना अभ्यासमा देखिएका कमजोरी सुधारका लागि सुझाव दिन जस्ता उद्देश्यमा उक्त शोधपत्र केन्द्रित रहेको छ । पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेर उक्त शोधकार्य गरिएको छ । उक्त शोधपत्रमा स्तरअनुरूप पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास उपयुक्त रहेका, लामा उत्तरात्मक प्रश्नहरूको तुलनामा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू बढी समावेश गरिएको, वाक्यप्रयोग, शुद्धलेखन, शब्दार्थ लेखनसम्बन्धी अभ्यास सबै विधामा समावेश गरिएको, कार्यमूलक व्याकरणको अवधारणाबाट व्याकरणात्मक अभ्यासलाई समेटिएको तर धारणात्मक र पहिचानात्मक व्याकरणको अभाव, वस्तुगत प्रश्न सबै विधामा समावेश गरिएको, अन्य सिपको तुलनामा लेखाइ सिपलाई बढी जोड दिने अभ्यास राखिएको र सबै सिपको विकासलाई समान महत्व दिइएका अभ्यासहरू समावेश गरिनुपर्ने निष्कर्ष निकालिएको छ । यस शोधकार्यबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुनाका साथै विषयवस्तुको क्षेत्र विस्तार गर्न सहयोग प्राप्त हुने देखिन्छ, (के.सी., २०७१) ।

शिक्षा मन्त्रालयकै शैक्षिक गुणस्तर परीक्षण केन्द्र (इआरओ) ले गरेको विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणबाट कक्षा तिन, पाँच र आठ को सिकाइ उपलब्धि परिक्षण गरेको थियो । कक्षा तीन र कक्षा पाँचको जस्तै आठ कक्षामा अध्ययन गर्ने विद्यार्थीको सिकाइ उपलब्धि घटेको छ । विद्यालय क्षेत्रमा केहि सुधार भएको देखिन्छ तर यो परीक्षणको नतिजाले अझैपनि सिकाइ स्तर न्यून देखाउछ, इआरओको प्रतिवेदनमा छ, एकातिर विद्यार्थीको सिकाइ उपलब्धिमा विगत भन्दा अपेक्षित सुधारहुन सकेको देखिदैन । अर्कोतिर सिकाइ उपलब्धिमा विभिन्न क्षेत्र, स्थान, विद्यालय बिच भिन्नता र असमानता छन् । यस्तो अवस्थामा नीति निमार्ण देखि कार्यान्वयन तहसम्म सुधार गर्नुपर्ने प्रतिवेदनमा औल्याइएको छ । विद्यालय शिक्षामा हरेक वर्ष वजेट बढेको छ । तालिम प्राप्त शिक्षक बढेका छन् । विद्यार्थी संख्या भने घटेका छन् । विद्यार्थी संख्या घट्दा सिकाइ उपलब्धि झन बढ्नुपर्ने हो

नतिजा भने ठिक उल्टो छ । शिक्षामा स्रोत साधन बढ्ने, लागानी बढ्ने तर विद्यार्थीको उपलब्धिस्तर घट्ने स्वीकारयोग्य हुँनै सक्दैन, शिक्षा मन्त्रालयका सह-सचिव एवं प्रवक्ता हरिप्रसाद लम्साल भन्छन । त्यस क्रममा सामुदायिक विद्यालयको सिकाइ उपलब्धि कमजोर हुनुमा शिक्षकले जिम्मेवारी वहन नगर्नु र अंग्रेजी माध्यमबाट पठनपाठन गर्न नसक्नु मुख्य समस्या भएको शिक्षकहरुले औल्याएका छन् । प्रयोगात्मक पक्षलाई जोड नदिनु पनि अर्को समस्या मानिन्छ । शिक्षक गैर जिम्मेवार हुँदा सामुदायिक विद्यालयको नतिजा खस्किएको साथै विद्यार्थीको आकर्षण कम भएको हो । विद्यालयमा सम्बन्धित निकायबाट अनुगमन नगर्दा विद्यालयमा नियमित पठनपाठन नहुने र स्रोत साघनको सदुपायोग हुन सकेको छैन ( श्रेष्ठ, २०७३) ।

नेपालको सहरी र पहाडी क्षेत्रका विद्यालयमा निरन्तर रुपमा विद्यार्थी संख्या घढ्दो क्रममा छन् । सामूदायिक विद्यालयतर्फ अभिभावकहरुको विश्वास घटेको छ । विद्यालयमा चरम राजनीतिक प्रभाव छ । शिक्षक पेशा मर्यादित र सम्मानित बन्न सकेको छैन । तालिमबाट प्राप्त ज्ञान, सिप कक्षाकोठामा प्रयोग भएको गुन्जायस छैन । विद्यार्थीको उपलब्धीस्तर न्यून हुँदै गईरहेको छ, जनशक्ति र समय खेर गइरहेको छ, (अधिकारी, २०६८) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

साधारणतया सिद्धान्त भन्नाले सत्य र तथ्यमा आधारित विभिन्न विचार समूहहरुलाई सर्वप्रथम स्वीकार गरेको एउटा नियम हो । सिद्धान्तलाई व्यवहारमा उतार्ने बढी भन्दा बढी ज्ञान र क्षमता हुनु पर्दछ । विभिन्न सिद्धान्तहरुले नवीन विचारलाई प्रस्फुटन गराई व्यवहारिक रुपमा प्रयोग भइरहेको हुन्छ । ती सिद्धान्तहरु मध्य मेरो अध्ययनको विषय ‘‘नेपाली भाष शिक्षणको व्यवस्थापन र उपलब्धि’’ सँग मेल खाने गरी निम्नानुसार सैद्धान्तिक खाका तयार पारेको छु ।

### २.२.१ वैज्ञानिक व्यवस्थापनको सिद्धान्त

वैज्ञानिक व्यवस्थापनका पिता एफ. डब्ल्यू ट्रेयलर (१८५६-१९१५) का अनुसार मानिसलाई कुन काम गराउन खोजिएको छ । कस्तो काम गर्न दिएमा उनीहरुले प्रभावकारी ढंगले काम सम्पन्न गर्दछन् भन्ने कुरा यस अन्तर्गत पर्दछ । उनले वैज्ञानिक व्यवस्थापन विधि अन्तर्गत शैक्षिक व्यवस्थापनमा अवलोकन, मूल्याङ्कन, परीक्षण, निचोड नै प्रमुख तत्वहरु मानेका

छन् (कोइराला र अन्य २०५९) यस सिद्धान्तले नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धि सन्दर्भमा शिक्षकलाई दक्ष बनाउन विभिन्न प्रकारका तालिम तथा सीपमूलक ज्ञानले शिक्षण रणनीति, शिक्षक र विद्यार्थी बीच कक्षाकोठाको शिक्षण व्यवस्थापन, शैक्षिक सामाग्रीको व्यवस्थापन र शैक्षिक उपलब्धिको लेखाजोखा गर्न परीक्षा व्यवस्थापन आदि कार्यहरु वैज्ञानिक रुपमा सफतापूर्वक सम्पन्न गर्न सजिलो हुन्छ । यसैगरी विषय शिक्षक, प्र.अ., वि.व्य.स., शि.अ.स. र विद्यार्थी बीच समय समयमा अन्तरक्रिया र छलफलद्वारा प्रभावकारी कार्य भएमा समग्र शिक्षण व्यवस्थापन राम्रो हुनेछ । जसबाट नेपाली भाषा विषयको अधिकतम उपलब्धि हासिल गर्न सकिन्छ भन्ने मान्यता नै मेरो अनुसन्धानको सैद्धान्तिक खाकासँग मिल्दो जुल्दो रहेको छ ।

### २.२.२ शिक्षण सिकाइ सिद्धान्त

नेपाली भाषा विषयको शिक्षकले पाठ शीर्षकलाई ज्ञान अनुभवको रुपमा संगठित गर्दै विद्यालयको तहगत र कक्षागत र रुटिङ्ग अनुसार कक्षाकोठामा सिकाइ अनुभवहरु वितरण गरेको हुन्छ भने विद्यार्थीहरुले त्यसबाट सिकेका कुराहरुद्वारा आफ्नो संरचनात्मक अभिव्यक्ति प्रभावकारी शिक्षण सिकाइ सिद्धान्तले समयसापेक्ष सहयोग पुऱ्याइ रहेको हुन्छ । विषयगत ज्ञान बाहेक शिक्षकको व्यवहारले र विद्यार्थीको सिकाइ प्रतिको रुचिले शिक्षण व्यवस्थापनमा प्रभाव पारेको हुन्छ । रोवेर्ट ग्याङ्गे को सांकेतिक, उत्तेजना र प्रतिक्रया, श्रृङ्खलाबद्ध, शाब्दिक सहचार्य, बहुविभेदीकरण, धारणा, सिद्धान्त रहेका छन् (रमाकान्त २०५५) । यही सिद्धान्त अनुसार नेपाली शिक्षकले कक्षा कोठामा प्रभावकारी शिक्षण कार्यमा त्यसको उपलब्धि वृद्धि हुन्छ भन्ने मान्यता नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धिसँग मेल खाएको छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

नेपाली समाज बहुधार्मिक, वहुभाषिक, वहुजातीय एवम् वहुसांस्कृतिक भएको कारणले नेपाली भाषा मुख्य बुझाइ र सञ्चारको भाषाको माध्यमको रुपमा लिन सकिन्छ । विद्यालयमा विभिन्न जातजाती, भाषभाषीका विद्यार्थीहरुलाई अध्यापन गर्दा मुख्य सञ्चारको भाषाको रुपमा नेपाली भाषाको प्रयोग गरिन्छ ।

कतिपय अवस्थामा विद्यार्थीहरु आफ्नो मातृभाषा बोल्ने हुँदा शिक्षण सिकाइ प्रक्रियालाई सरल र प्रभावकारी बनाउन नेपाली विषयको विशेष भूमिका रहन आउँछ । विद्यार्थीहरुको

कमिकमजोरीलाई सच्याउँदै शुद्ध रुपमा लेखन विकासको साथ साथै नेपाली भाषीक अभिव्यक्तिको विकासमा अहम् भूमिका खेल्न सक्दछ । नेपाली भाषा अन्य विषयहरुको अध्ययन, अध्यापन गर्दा माध्यम भाषाको रुपमा नेपाली भाषा नै प्रयोग गरिने हुँदा भाषाका चार सीपहरुको विकास भएमा अन्य विषयहरुको सिकाइ उपलब्धिमा वृद्धि गर्न सकिन्छ ।

एफ. डब्ल्यू. ट्रेयलर को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले शिक्षक, शिक्षण, शैक्षिक सामाग्री, परीक्षा सञ्चालन, कक्षाकोठा व्यवस्थापन आदि विद्यालय भित्र गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सहयोग पुऱ्याएको छ भने रोवेर्ट ग्याङ्गे को ८ प्रकारका शिक्षण सिकाइ सिद्धान्तले नेपाली भाषा विषय शिक्षकले समसामयिक शिक्षण विधि अपनाएर शिक्षण सिकाइ अभ्यासलाई गतिशिलता प्रदान गरेमा शैक्षिक उपलब्धि बढ्न सक्दछ भन्ने मान्यता रहेको छ ।

माथिका यिनै कुराहरुलाई दृष्टिगत गरि मेरो अनुसन्धानमा निम्न अनुसारको शैक्षिक उपादेयतालाई समावेश गरेको छु । यस विषयसँग सम्बन्धित, रचना, अनुसन्धान, प्रतिवेदन, पाठ्यपुस्तक, सन्दर्भ सामाग्रीको अध्ययनद्वारा यस अध्ययनलाई निश्चित दिशा तर्फ मार्ग दर्शन गर्न मद्दत पुगेको छ । प्राप्त सूचना र तथ्याङ्कलाई प्रशोधन गरी विश्लेषण गर्न सहयोग पुगेको छ । अध्ययनको सैद्धान्तिक खाँकाको आधारमा व्याख्या एवम् विश्लेषण गर्न मद्दत पुगेको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

अध्ययन अनुसन्धानमा उल्लेखित उद्देश्यहरु परिपूर्ति अनुसन्धानको ढाँचा, जनसंख्या र नमूना छनौट प्रकृया तथ्याङ्क सङ्कलन प्रकिया र तथ्याङ्कको व्याख्या विश्लेषणलाई यस परिच्छेदमा निम्न शीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

विद्यार्थीहरुको नेपाली विषय प्रतिको रुचि, शिक्षकले कक्षाकोठामा अपनाएका शिक्षण विधि, पाठ्यपुस्तकको उपलब्धता, शैक्षिक सामाग्रीको प्रयोग, विद्यालयको भौतिक अवस्था, शिक्षक दरवन्दी तथा समाजले विद्यालय प्रति हेर्ने दृष्टिकोण आदि कारणले अनुसन्धान कार्यलाई प्रभाव पारेको हुन्छ । अनुसन्धान कार्यलाई उद्देश्य अनुरुप पूर्णता गर्नका लागि निर्धारित समय सीमा भित्र रहेर अध्ययन अनुसन्धान गरिनु आवश्यक रहन्छ । अध्ययन अनुसन्धानको ढाँचा भन्नाले सो अध्ययन अनुसन्धानको प्रकृति, संकलित तथ्याङ्कहरुको व्याख्या एवम् विश्लेषण के-कसरी गर्ने भनेर पूर्व निर्धारित गरिएको नियमवद्ध जानकारी भनेर बुझिन्छ । यस अध्ययनका लागि सम्भावनारहित नमूना छनौट विधि अन्तर्गत उद्देश्यपूर्ण नमूना छनौट विधिको आधारमा विद्यार्थीहरुको छनौट गरिएको छ । यस अध्ययन मूलतः गुणात्मक र परिणात्मक दुवै प्रकृतिको रहनेछ । अध्ययन अनुसन्धानका कममा विद्यालय अवलोकन, अन्तरवार्ता प्रश्नावली सर्वेक्षण फारमका आधारमा संकलित तथ्याङ्कलाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

यस अनुसन्धानको विषय "विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर" अन्तर्गत नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धिस्तर मुख्य उद्देश्यहरुमा केन्द्रित रहेको छ । अध्ययनका कममा विषय शिक्षक, प्रधानाध्यमपक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र विद्यार्थीसँग सम्पर्कद्वारा प्राथमिक, द्वितीय स्रोतका आधारमा तथ्याङ्क एवम् विचारहरुलाई उपयोग गरिएको छ तसर्थ यो अनुसन्धान गुणात्मक र परिणात्मक दुबै मिश्रित रहेको छ ।

## ३.२ जनसंख्या र नमूना छनोट

माडी नगरपालिका वरुवा स्रोतकेन्द्रमा रहेको २२ वटा विद्यालयहरु मध्ये ५ वटा विद्यालयलाई नमूनाको रुपमा छनौट गरिएको छ । २२ वटा नेपाली शिक्षक जनसंख्या हुन् भने ५ वटा विद्यालय अध्ययनको नमूना छनोटका विद्यालयहरु हुन् । जुन उद्देश्यमूलक प्रक्रियाद्वारा छनोट गरिएको थियो । छनोटमा परेको विद्यालयका आधारभूत तह कक्षा ५ मा अध्यापन गराउने नेपाली शिक्षक १, विद्यालय प्र.अ. १, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १ र नमूना छनोटमा परेका विद्यालयमा अध्ययन गर्ने कक्षा ५ का विद्यार्थी ५ जना ( छात्र/छात्रा) गरि कूल २५ जना लक्षित समूहसँग छलफल गरी शिक्षण व्यवस्थापन र उपलब्धि बारे तथ्याङ्क सङ्कलन गरिएको थियो । नमुना छनोटमा परेका विद्यालय, शिक्षक र विद्यार्थी विवरण अनुसूची ६ मा राखेर अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्क स्रोत र प्रकृति

कुनै पनि अध्ययन अनुसन्धान गर्दा वास्तविक सत्य तथ्यमा आधारित तथ्याङ्कहरु सङ्कलन गर्नु पर्दछ । जसका लागि तथ्याङ्कका स्रोतहरुको प्रयोग गरेर तिनका आधारमा आवश्यक तथ्याङ्क सङ्कलन गरि व्याख्या एवम् विश्लेषण गर्नु आवश्यक हुने हुँदा यस अध्ययन अनुसन्धानमा तथ्याङ्क सङ्कलनका प्राथमिक तथा द्वितीय स्रोतलाई प्रयोगमा ल्याइएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

खुला अन्तरवार्ता, प्रश्नावली मार्फत शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक तथा प्रधानाध्यापकसँग लिएको तथ्याङ्क साथै विद्यालयको भौतिक स्रोत साधनको प्रत्यक्ष अवलोकन र विद्यालयमा उपलब्ध तथ्याङ्क सङ्कलन गरिएको छ । नेपाली विषयका शिक्षण व्यवस्थापन र उपलब्धि  कममा मूल्याङ्कनको लागि स्तरीकरण परिक्षणलाई प्रयोग गरिएको थियो । त्यस्तै नेपाली भाषा विषयलाई उपलब्धिलाई वृद्धि गर्न नेपाली शिक्षकहरुले कुन शिक्षण विधि अपनाएका छन् ? विषयसँग सम्बन्धित शैक्षिक सामाग्री कसरी प्रयोग भएको छ ? शिक्षण प्रकृयामा नेपाली पाठ्यपुस्तक र पाठ्यकममा के-कस्ता कमजोरीहरु भेटिएका छन् ? प्रभावकारी शिक्षण कार्य र उपलब्धिमूलक परीक्षा र परिक्षण गर्न के-कस्ता मूल्याङ्कन सामाग्रीहरुको प्रयोग भएका छन् ? शिक्षण विधिमा आइपरेका समस्याहरु समाधान गर्न आवश्यक सुझावहरु के-के रहन्छन् ? आदि जस्ता प्रश्न

र शिक्षण व्यवस्थापन र उपलब्धिमूलक शैक्षणिक अवस्था कायम गर्दा आइपरेका समस्याबारे तथ्याङ्क सङ्कलन गर्न नेपाली शिक्षकसँग बन्द प्रश्नावली, प्र.अ., वि.व्य.स. का अध्यक्ष पदाधिकारीसँग अन्तरवार्ता प्रश्नावलीका आधारमा अनुसूची २, ३, ४ द्वारा प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरिएको थियो ।

### ३.३.२ द्वितीय स्रोत

नेपाली भाषा विषयको कक्षा शिक्षण र व्यवस्थापनमा शिक्षकले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । शिक्षण सिकाइ कृयाकलापमा व्यवस्थापन पक्ष प्रभावकारी भयो भने विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि हुन्छ । यी सबै पक्षलाई मध्यनजर गरी नेपाली भाषा विषयको शैक्षिक उपलब्धि वृद्धि गर्न सम्बन्धित विद्यालयहरुको अभिलेख, स्रोतकेन्द्र, जि.शि.का चितवनको अभिलेख तथा प्रकाशित पत्र पत्रिकाबाट तथा राष्ट्रियस्तरमा प्रकाशित विभिन्न लेख, रचना, पाठ्यक्रम सामाग्रीहरुलाई समेत द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ अध्ययनको साधन

नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धि अध्ययन गर्नका लागि निर्दिष्ट गरिएका उद्देश्यहरु पुरा गर्नको लागि तथ्याङ्क सङ्कलन साधनहरुको प्रयोग गरेर सोही अनुसार तथ्याङ्क सङ्कलन गरी व्याख्या एवम् विश्लेषण गरिएको छ । यस अध्ययन अनुसन्धानमा तथ्याङ्क सङ्कलनका निम्नलिखित साधन प्रयोग गरी अनुसन्धानलाई विश्वसनीय एवम् वैधानिकता प्रदान गरिएको छ ।

### ३.४.१ शिक्षण व्यवस्थापनमा प्रयोग गरिएका साधनहरु

क) नेपाली भाषा विषय शिक्षकले कक्षाकोठामा विद्यार्थीहरुलाई शिक्षण व्यवस्थापन गर्न अनुसूची १ को कक्षा अवलोकन फारम प्रयोग गरिएको थियो ।

ख) अनुसन्धानकर्ताले अध्ययनका क्रममा नेपाली भाषा शिक्षकसँग अनसूची २ अनुसार १८ वटा प्रश्नावलीका आधारमा तथ्याङ्कको प्रयोग गरिएको थियो ।

ग) नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा सहयोग पुऱ्याउन प्रधानाध्यापकका लागि अनुसूची ३ मा रहेको १४ वटा अर्न्तवार्ता प्रश्नावलीलाई उपयोग गरिएको थियो ।

घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्षको लागि अनुसूची ४ अनुसार १८ वटा अर्न्तवार्ता प्रश्नावलीको उपयोग गरिएको थियो ।

ङ) छनोटमा परेका विद्यालयहरुको कक्षा ५ मा नेपाली विषय अध्ययनरत विद्यार्थीहरुका लागि अनुसूची ५ अनुसार १० वटा प्रश्नावलीलाई उपयोगी गरिएको थियो ।

### ३.४.२ उपलब्धि परीक्षण प्रयोग गरीएका साधनहरु

नमुना छनोटमा परेका विद्यालयहरुको नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धि जानकारी प्राप्त गर्न अनुसूची ६ को प्रयोगका आधारमा विद्यालय अवलोकन तथा उक्त विद्यालयका ५/५ जना विद्यार्थीलाई सहभागी गराइ कक्षा ५ को नेपाली भाषा विषयको एकाईका पाठहरुलाई समेटेर ३० वटा बस्तुगत प्रश्नपत्रद्वारा उपलब्धि परीक्षण गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन विधि

अध्ययन अनुसन्धानलाई बढी विश्वसनीयता र भरपर्दो बनाउन तथा आवश्यक सूचनाहरु पर्याप्त मात्रामा संकलन गर्नको लागि तथ्याङ्क संकलन विधिको महत्वपूर्ण स्थान रहन्छ । नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धिका लागि तथ्याङ्क संकलन विधि निम्नानुसार प्रयोग गरिएको थियो ।

### ३.५.१ प्राथमिक तथ्याङ्क संकलन

अनुसन्धानका क्रममा नेपाली भाषा विषयको कक्ष शिक्षकसँग कक्षा अवलोकन फारम तथा खुल्ला प्रश्नावली सम्बन्धि विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्षसँग अन्तरवार्ता प्रश्नावली र नमूना छनोटमा परेका विद्यालयका सहभागी विद्यार्थीहरुसँग प्रश्नवलीका आधारमा तथ्याङ्क संकलन गरी अध्ययन गरिएको थियो जुन अनुसूची १,२,३,४,५ मा देखाइएको छ । नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन र उपलब्धिको वर्तमान अवस्था शिक्षण विधिबाट उपलब्धिको विश्लेषण, शिक्षण व्यवस्थापनमा देखा परेका समस्याहरु र समाधानका उपायहरु पत्ता लगाउन सहयोग पुगेको थियो ।

### ३.५.२ द्वितीय तथ्याङ्क संकलन

माडी परीक्षा समितिले कक्षा ५ को स्तरीकरण परीक्षा (२०७०, ०७१, ०७२) विगत ३ वर्षको अनुसूची १४ को परीक्षा परिमाण र जिल्ला शिक्षा कार्यालयले निकालेको वार्षिक योजना साथै नेपाली विषयको सिकाइ उपलब्धिलाई जि.शि.का क्यालेन्डरबाट लिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रकिया

खोज एवम् अध्ययन अनुसन्धानका विभिन्न स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरुलाई सही ढंगबाट व्याख्या एवम् विश्लेषण गरेर अनुसन्धान कार्यलाई उद्देश्य अनुरुप पूर्णता प्रदान गर्नु अनुसन्धानकर्ताको प्रमुख भूमिका हुन जान्छ । यिनै कुरालाई दृष्टिगत गर्दै प्राप्त तथ्याङ्कलाई स्पष्ट ढंगले सबैले बुझ्ने र व्यवहारिक बनाउनका लागि त्यसको व्याख्या एवम् विश्लेषण गर्नु आवश्यक हुन्छ । अनुसन्धान कार्यलाई बढी स्तरीय बनाउनका लागि बन्द र खुल्ला प्रश्नावलीको उपयोग गरिएको थियो । शिक्षक र विद्यार्थीका लागि खुल्ला प्रश्नावली र प्र.अ. तथा वि.व्य.स. का लागि अन्तरवार्ता प्रश्नावली अनुसूची २,३,४,५ अनुसार प्रयोग गरिएको थियो । अनुसूची ६ मा छनोट गरिएका विद्यालयको कोड नं. नेपाली विषय शिक्षक तथासहभागी विद्यार्थी विवरणका आधारमा अनुसन्धानकर्ताले स्थलगत अवलोकन गरेको थियो । शिक्षण विधिको लागि अनुसूची १३ मा रहेको विवरणलाई आवश्यक सूचनाको रुपमा उपयोग गरियो भने उपलब्धि परिक्षणका लागि अनुसूची १० का आधारमा सहभागी विद्यार्थीलाई प्रश्नपत्र निर्माण गरि ३० वटा वस्तुगत परीक्षण लिइएको थियो । प्राप्त तथ्याङ्क अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

अनुसन्धान कार्यलाई प्रभावकारी एवम् स्तरीय बनाउन अनुसन्धान कार्यका लागि तथ्याङ्क संकलन गरी सकेपछि ती तथ्याङ्कहरु व्याख्या र विश्लेषण गर्न आवश्यक हुन्छ । मेरो अध्ययनको उद्देश्य विद्यालयमा नेपाली भाषा विषय शिक्षणको अवस्था पहिचान गर्नु, नेपाली भाषा विषयको शिक्षणबाट प्राप्त भएका उपलब्धिको विश्लेषण गर्नु, नेपाली भाषा विषय शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरुको पहिचान गरी न्यूनीकरणका उपायहरु सुझाउनु ।

यिनै उद्देश्यहरु पुरागर्न चितवन जिल्ला माडी नगरपालिकाको बरुवा स्रोतकेन्द्र अन्तर्गत छनौटमा परेका आधारभूत तहका सामुदायिक विद्यालयहरुमा गई नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनका लागि कक्षा अवलोकन फारम र नेपाली भाषा विषय शिक्षक, प्र.अ., वि.व्य.स. का अध्यक्ष, छनोटमा परेका विद्यालयका सहभागी विद्यार्थी आदिसँग अनुसूची १,२,३,४,५ का आधारमा परीक्षणका माध्यमबाट संकलन गरिएको तथ्याङ्कहरुलाई निम्नानुसार व्याख्या र विश्लेषण गरेको छु ।

## ४.१ नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन

छनोट गरिएका विद्यालयमा कक्षा ५ को शिक्षण व्यवस्थापनमा केन्द्रित रही निम्न उपशीर्षक अनुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१ नेपाली भाषा विषयको पाठ्यकम विश्लेषण

ाष्ट्रिय शिक्षा पद्धती योजना २०२८ ले नेपालको शिक्षा प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस योजनाले राष्ट्रिय शिक्षा प्रणालीका लागि देश भरिपूर्ण पाठ्यकम लागू गऱ्यो । २०२८ सालमा लागू भएको विद्यालय शिक्षाको पाठ्यकममा आवश्यकता अनुरुप विभिन्न समयमा परिमार्जित समेत हुँदै आएको छ । वि.सं. २०६० साल भन्दा अगाडिको पाठ्यकम निम्न अनुसार रहेको पाइयो । कक्षा १ देखि ३ सम्म पाठ्यभार १० र पूर्णाङ्क १५० रहेको थियो । त्यस्तै ४ र ५ को पाठ्यभार ८ र पूर्णाङ्क १०० रहेको पाइयो । तर नयाँ परिमार्जित पाठ्यकम २०६० अनुसार १ देखि कक्षा ५ सम्म नेपाली विषयको पूर्णाङ्क १०० र पाठ्यभार ८ पाइयो ।

कक्षा १ देखि ३ सम्म निरन्तर मूल्याङ्कन गरेको पाइयो । तर माडी परीक्षा बोर्डले विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धिको लागि १ देखि ३ सम्म कै परीक्षा लिने गरेको पाइयो । कक्षा १ मा ४० लिखित ६० मौखिक, कक्षा २ मा ५० लिखित ५० मौखिक, कक्षा ३ मा ६० लिखित ४० मौखिक, कक्षा ४ र ५ मा ७० लिखित र ३० मौखिक परीक्षा लिने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कनको आधार १ देखि ५ सम्म कक्षा कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, हाजिरी, व्यवहार परिवर्तन, पश्न उत्तर आवश्यक परेमा शिक्षकले थप्न सक्ने रहेको छ । कक्षा ४ र ५ को भाषिक सीपको अन्तर्गत सुनाइ, वोलाइ, लेखाइ, पढाइ, कार्यमूलक व्याकरण रहेको पाइयो । जस अनुसार कक्षा ४ र ५ मा पाठ्यभार ३८ र अङ्कभार १५% रहेको छ । वोलाइ (उच्चारण समेत) कक्षा ४ मा ५१% पाठ्यभार र २०% अङ्कभार कक्षा ५ मा ३८% पाठ्यभार र १५% अङ्कभार, भाषिक सिप पठाइ (शब्द भण्डार) समेत कक्षा ४ र ५ मा ७७% पाठ्यभार र ३०% अङ्कभार रहेको छ । लेखाइ (हिज्जे र चिन्ह प्रयोग समेत) कक्षा ४ मा रहेको छ । लेखाइ (हिज्जे र चिन्ह प्रयोग समेत) कक्षा ४ पाठ्यभार ७७% र अङ्कभार ३०%, कक्षा ५ मा ९०% पाठ्यभार ३५% अङ्कभार रहेको छ । त्यस्तै कार्यमूलक व्याकरण (पद सङ्गती मात्र) कक्षा ४ र ५ मा पाठ्यभार १३% र अङ्कभार ५% रहेको छ । यसरी कक्षा ४ र ५ को नेपाली विषयको पाठ्यभार २५६ र अङ्कभार १०० रहेको छ ।

### ४.१.२ कक्षा कोठामा प्रयोग गरिएका शिक्षण विधि

शिक्षकले आफूसँग रहेको ज्ञान गुणका कुराहरु शैक्षिक तथा वौद्धिक कुराहरुलाई विद्यार्थीको सिकाइद्वारा मस्तिष्कमा भर्न प्रयोग गर्ने तरिका वा उपायहरुलाई नै शिक्षण विधि भनिन्छ । आधुनिक शिक्षण विधिमा विषयगत ज्ञानका उद्देश्य हासिल गर्न विद्यार्थीहरुलाई सिकाइ अभ्यासद्वारा व्यवहारिक ज्ञान प्रदान गरेर उनीहरुको उच्चतम उपलब्धि हासिल गर्न मद्दत पुऱ्याउदछ । नेपाली विषयको शिक्षण व्यवस्थापन र उपलब्धिलाई सफल बनाउन अनुसूची १३ अनुसार छनोट गरिएका ५ ओटै विद्यायहरुमा विद्यार्थी केन्द्रित शिक्षण विधि छलफल, व्याख्यान, प्रश्नोत्तर प्रदर्शन तथा गरेर सिक्ने विधिहरु अपनाइएको पाइयो ।

अनुसूची १३ मा उल्लेख गरे अनुसार अध्ययन गरेको विद्यालयमा “नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन” कोड नं. A मा कक्षा कोठाको अवस्थामा कालोपाटीको प्रयोग भएको कक्षा कोठाको वातावरण शान्त रहेको र विद्यार्थीहरुको बसाई व्यवस्थापन उमेर अनुसारको

भएको पाइयो । शिक्षण सिकाइ रणनीतिमा कविताको अनुच्छेद लेखि हाउभाउ सहित वाचन गरी विद्यार्थीको ध्यानाकर्षण गरेको पाइयो । सरल वर्णन यतिगति मिलाई सस्वर वाचन गर्नमा जोड दिइएको पाइयो । शैक्षिक सामाग्रीको प्रयोगमा कठीन शब्दको शब्दपत्ती विशेष रुपमा प्रयोग गरेको पाइयो । शिक्षण विधिमा छलफल, व्याख्यान, प्रदर्शन, पश्नोत्तर विधि प्रयोग गरेको पाइयो । विद्यार्थीहरुको रुचि हेर्दा समूह समूहमा सक्दो मीठो लयमा शुद्ध उच्चारण गरि कविता वाचन गर्ने प्रयास गरेको पाइयो । मूल्याङ्कन तथा उपलब्धिमा कविता सस्वर वाचन र कठिन शब्दको उच्चारण गरेको पाइयो । मूल्याङ्कन तथा उपलब्धिमा कविता सस्वर वाचन र कठिन शब्दहरुको शब्द र अर्थ भन्ने प्रयास गरेको पाइयो ।

कोड नं. B कालोपाटीको प्रयोग भएको कक्षाकोठामा वुक कर्नरको व्यवस्था गरेको र कोठाको वतावरण शान्त रहेको पाइयो । कक्षा ५ को ''सबैभन्दा ठूलो भक्त'' पाठ पढाउदा छलफल, व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर चित्र वर्णन गरेको पाइयो । कोड नं. C मा काक्षाकोठाको अवस्था कालोपाटीको प्रयोग भएको, हुलाकी सडक नजिकै भएकोले, ध्वनी प्रदुषण भएको पाइयो । कक्षा ५ को ''परीक्षाको तयारी'' पाठ पढाउँदा शिक्षकले शिक्षण विधि छलफल, व्याख्यान, प्रश्नउत्तर पर्दशन गरेको पाइयो । कोड नं. D मा कक्षाकोठाको अवस्था कालोपाटीको प्रयोग, विद्यार्थीको बसाई व्यवस्थापन राम्रो र शान्त वातावरण रहेको पाइयो । कक्षा ५ को ''सबैभन्दा ठूलो भक्त'' पाठ पढाउँदा छलफल, प्रदर्शन, प्रश्नोत्तर र व्याख्यान विधिको प्रयोग गरेको पाइयो ।

कोड नं. E मा कक्षाकोठाको व्यवस्थापनमा कक्षामा छात्र छात्रको बसाई व्यवस्था र सजावट राम्रो रहेको पाइयो । कक्षा ५ को ''देशको माटो'' कविता पढाउँदा छलफल, प्रदर्शन, प्रश्नोत्तर व्याख्यान विधि प्रयोग गरेको पाइयो । समग्रमा छनोटमा परेका सबै विद्यालयका शिक्षकहरुले बालकेन्द्रित शिक्षण विधि अपनाइ शिक्षण गरेको पाइयो ।

### ४.१.३ शिक्षण सामाग्रीको उपलब्धता

शिक्षण सामाग्रीको प्रयोग गर्नाले सिकाइ प्रकृयालाई सहज बनाउन सहयोग पुऱ्याउने भएकोले विद्यार्थीले सजिलैसँग सिक्न सक्दछ । नेपालको परिप्रेक्ष्यमा कक्षाकोठामा विषय शिक्षकले शुरुमा चक टु टक गरेता पनि नेपाली विषयको शिक्षण व्यवस्थापनमा विषय शिक्षकले अनुसूची १३ को कोड नं. A मा शैक्षिक सामाग्रीको रुपमा कठिन शब्दको

शब्दपत्ती, कोलोपाटी र पाठ्यपुस्तकको प्रयोग गरेको पाइयो । कोड नं. B मा शैक्षिक सामाग्रीको रुपमा नारदमुनी, विष्णु भगवान् र किसानको रङ्गीन चित्र र पाठ्पुस्तक प्रयोग गरेको पाइयो । कोड नं. C मा, चित्रपत्ती शब्दपत्ती खाने कुराको वर्गीकरणको चार्ट र पाठ्यपुस्तकको प्रयोग गरेको पाइयो । कोड नं. D मा पोष्टर, शब्दपत्ति, कालोपाटी र पाठ्यपुस्तक प्रयोग गरेको पाइयो । कोड नं. E मा चार्ट, कालोपाटी र पुस्तक रहेको पाइयो ।

### ४.१.४ शिक्षण योजना

माडी नगरपालिका अन्तर्गत बरुवा स्रोतकेन्द्र भित्र पर्ने अध्ययन गरिएका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रत्येक वर्ष विद्यालयको तहगत र विभिन्न विषयवस्तु अनुसार वार्षिक पाठ योजना बनाइ विद्यालयका कक्षाकोठामा विषयगत शिक्षकहरुले तह अनुसार शिक्षण कार्य गरेको पाइयो । अनुसूची ६, ७, ८, ९, १० र ११ अनुसार पाठ योजना बनाई विद्यालयहरुले विद्यार्थी संख्या, शिक्षक दरवन्दी, विषयगत पाठ्यभार र दैनिक रुटिङ्ग बनाइ कक्षा शिक्षण गरेको पाइयो । अध्ययनको क्रममा एकाई १५ "देशको माटो" शीर्षक कविता कृष्ण प्रसाद पराजुलीद्वारा लेखिएको कविता राष्ट्र प्रेम, देशभक्त र नेपाली हुनुमा गर्भ भएको कुरा दर्शाएको छ । विद्यार्थीहरुमा नेपाल र नेपाल प्रति माया जगाउनुका साथै आफ्नै देश भित्र केही न केही गर्न सक्नुपर्छ । आफ्नै देशको माटोमा रमाउन सक्नु पर्छ । राष्ट्र र देशप्रतिको माया जगाउनु नै यो कविताको मुख्य उद्देश्य रहेको पाइयो ।

## ४.२ नेपाली भाषा शिक्षण व्यवस्थापनद्वारा प्राप्त उपलब्धि

पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि पूरा भयो भएन भनेर परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीको ज्ञान, सीप र अभिवृद्धिमा परिवर्तन गर्न नेपाली भाषा विषय शिक्षण व्यवस्थापनमा जोड दिन आवश्यक रहन्छ । नेपाली विषय शिक्षण व्यवस्थापन र उपलब्धिको वर्तमान स्थितिको अध्ययनको क्रममा छनोटमा परेका विद्यालयको कक्षा ५ को नेपाली विषयको २०७० देखि २०७२ सालसम्म विगत तीन वर्षको शैक्षिक उपलब्धिको अध्ययन गरिएको छ । जस अन्तर्गत विद्यालयको कूल उत्तीर्ण प्रतिशत, नेपाली विषयको कुल उत्तीर्ण प्रतिशत, नेपाली विषयको औषत सिकाइ उपलब्धि औषत र स्तरीय भिन्नतालाई तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरिएको थियो ।

अनुसूची १४ मा देखाइएको शैक्षिक सत्र २०७०, २०७१, २०७२ को माडी नगरपालिका स्तरीय स्तरीकरण परीक्षाको परिणाम अनुसार २०७२ को चितवन जिल्लाको आधारभूत (१-५) को नेपाली विषयको सिकाइ उपलब्धि ६०% रहेको थियो, २०७० मा कोड नं. A को विद्यालयको औषत सिकाइ उपलब्धि स्तर ४८%, नेपाली विषयको सिकाइ उपलब्धि ५२.३५ र नेपाली विषयको कुल उत्तीर्ण प्रतिशत ८८ रहेको थियो । कोड नं. B का अनुसार विद्यालयको औषत सिकाइ उपलब्धि ४४.१३, नेपाली विषयको औषत सिकाइ उपलब्धि ४७.८१ र नेपाली विषयमा कुल उत्तीर्ण प्रतिशत ६९ रहेको थियो । कोड नं. C को विद्यालयको औषत सिकाइ उपलब्धि ४०, नेपाली विषयको औषत सिकाइ उपलब्धि ३६ र नेपाली विषयको कुल उत्तीर्ण प्रतिशत ५३ रहेको थियो । कोड नं. D को विद्यालयको औषत सिकाइ उपलब्धि ५२.७३, नेपाली विषयको औषत सिकाइ उपलब्धि ४८.३३ र नेपाली विषयको कुल उत्तीर्ण प्रतिशत ७९ रहेको थियो । कोड नं. E को विद्यालयको औषत सिकाइ उपलब्धी ३९.२४, नेपाली विषयको औषत सिकाइ उपलब्धि ४०.१४ र नेपाली विषयमा कुल उत्तीर्ण प्रतिशत ५३ रहेको थियो ।

२०७१ सालको सिकाइ उपलब्धिलाई हेर्दा कोड नं. A को विद्यालयको औषत सिकाइ उपलब्धि स्तर ४३.५२, नेपाली विषयको सिकाइ उपलब्धि ७४.५ र नेपाली विषयमा कुल उत्तीर्ण प्रतिशत ७६.४७ रहेको थियो । कोड नं. B को विद्यालयको औषत सिकाइ उपलब्धि ३३.८३, नेपाली विषयको औषत सिकाइ उपलब्धि ४०.८ र नेपाली विषयमा कुल उत्तीर्ण प्रतिशत २६.६६ रहेको थियो । कोड नं. C को विद्यालयको औषत सिकाइ उपलब्धि ३४.३२, नेपाली विषयको औषत सिकाइ उपलब्धि ७६ र नेपाली विषयको कुल पास प्रतिशत ७५ रहेको थियो । कोड नं. D को विद्यालयको औषत सिकाइ उपलब्धि ४६.३२, नेपाली विषयको औषत सिकाइ ७२.०१ र नेपाली विषयको कुल उत्तीर्ण प्रतिशत ७३.९१ रहेको थियो । कोड नं. E विद्यालयको औषत सिकाइ उपलब्धि ३६.१३ नेपाली विषयको सिकाइ उपलब्धि ५९.३२ र नेपाली विषयमा कुल उत्तीर्ण प्रतिशत ५८.८२ रहेको थियो ।

२०७२ सालको सिकाइ उपलब्धिलाई विश्लेषण गर्दा कोड नं. A विद्यालयको सिकाइ उपलब्धि ५५.११, नेपाली विषयको औषत ५५.११ र नेपाली विषयको कुल उत्तीर्ण प्रतिशत ७५ रहेको थियो । कोड नं. B विद्यालयको सिकाइ उपलब्धि ५३.६०, नेपाली विषयको औषत सिकाइ उपलब्धि ५०.२२ र नेपाली विषयको कुल उत्तीर्ण प्रतिशत ८८.८८ रहेको थियो ।

कोड नं. C को विद्यालयको औषत सिकाइ उपलब्धि ५४.६०, नेपाली विषयको औषत सिकाइ उपलब्धि ५८.३६ र नेपाली विषयको कुल उत्तीर्ण ८१.८१ रहेको थियो ।

को नं. D को विद्यालयको औषत सिकाइ उपलब्धि ५३.०४, नेपाली विषयको औषत सिकाइ उपलब्धि ३९.२३ र नेपाली विषयमा कुल उत्तीर्ण प्रतिशत ६१.९० रहेको थियो । कोड नं. E को विद्यालयको औषत सिकाइ उपलब्धी ५३.६०, नेपाली विषयको औषत सिकाइ उपलब्धि ५३.६०, नेपाली विषयको औषत सिकाइ उपलब्धि ५०.२२ र नेपाली विषयमा कुल उत्तीर्ण प्रतिशत ४४.११ रहेको थियो ।

यसरी समग्र रुपमा हेर्दा कोड नं. A को तीन वर्षको अवधिमा कुल उत्तीर्ण प्रतिशत, नेपाली विषयको कुल उत्तीर्ण प्रतिशनको तुलनामा २०७१ मा बढेको र २०७२ मा अझ वृद्धि भएको देखिन्छ । कोड नं. A, E, D को तुलनामा कोड नं. B र C को २०७२ मा सिकाइ उपलब्धि वृद्धि भएको पाइयो ।

कक्षा ५ को विद्यार्थीहरुको उपलब्धि परीक्षण गर्न नेपाली भाषा विषय शिक्षणको सबै एकाई र पाठहरुलाई समेट्ने गरी २५ वटा वस्तुगत प्रश्न पत्र र उत्तर कुञ्जिका निर्माण गरिएको थियो । प्रत्येक प्रश्नको सही उत्तरमा लागि १ अङ्कका दरले २५ पूर्णाङ्क थियो जुन अनुसूची १५ मा देखाइएको छ । आधारभूत (१-५) तह पूरा गर्न लागेका कक्षा ५ मा अध्ययनरत २ वटा विद्यालयमा १५-१५ जनाका दरले विद्यार्थीहरुलाई समूह क र ख मा विभाजन गरी परीक्षामा सहभागी गराइएको थियो ।

स्थलगत अध्ययन गर्दा उपलब्धि परीक्षाको परीक्षण अनुसार अनुसूची १५ क अनुसार प्राप्ताङ्कहरुको मध्यक १८.५३ र प्रमाणित विचलन (SD) १.८० रहेको छ । त्यस्तै गरी अनुसूची १५ ख अनुसार प्राप्ताङ्क मध्यक १९.८, प्रतिशतमा ७९.२ र स्तरीय भिन्नतामा (SD) २.१० रहेको छ । यसबाट दुबै समुहको मिन मार्क ५० प्रतिशत भन्दा बडी नै छ । त्यस्तै गरी मिन मार्क को प्रतिशतमा समूह क को ७४.१३ प्रतिशतको तुलनामा समूह ख ४ प्रतिशतले वृद्धि भएको छ । स्तरीय भिन्नता १.८० र २.१० रहेको छ । यस विश्लेषणबाट के थाहा पाइन्छ भने विद्यार्थीको नेपाली विषय प्रतिको रुचि प्रभावकारी नै रहेको पाइन्छ ।

## ४.३ नेपाली भाषा विषय शिक्षणमा भोगिरहेका समस्याहरु

नेपाली भाषा विषय शिक्षण व्यवस्थापनमा भोगिरहेको समस्याहरुलाई विषय शिक्षक, प्र.अ., वि.व्य.सं. का अध्यक्ष एवं विद्यार्थीहरुसँग अनुसूची २, ३, ४, ५ अनुसार अलग अलग प्रश्नावली र अन्तरवार्ताको आधारमा पहिचान गरिएको थियो ।

### ४.३.१ विषय शिक्षकसँगको प्रतिकृया

अनुसूची २ मा उल्लेखित प्रश्नवली अनुसार कोड नं. D ले प्रा.वि. दरवन्दी शिक्षकले विषय शिक्षण गर्दा शब्द र अर्थ बुझाउन, वाक्य बनाउन, उखान टुक्का बुझाउन समस्या रहेको पाइयो । त्यस्तै गरी थारु विद्यार्थीहरुका लागि दोस्रो भाषा भएकोले ह्रस्व, दीर्घ, वोलीचाली, घरमा आफ्नै मातृभाषा भएकोले अध्यापन गर्दा समस्या भएको पाइयो । कोड नं. C मा नेपाली विषयको शैक्षिक उपलब्धि वृद्धि हुन नसक्नुको विधा र विधि धेरै हुने भएकोले यो समस्या देखिएको उत्तर पाइयो । कोड नं. B अनुसार आदिवासी थारु जनजातिको सतप्रतिशत विद्यार्थी संख्या रहेकोले मातृभाषाको प्रयोग बढी हुने हुनाले नेपाली भाषा शिक्षणमा समस्या देखिएको पाइयो । कोड नं. E अनुसार विद्यार्थीहरुमा उच्चारणगत, वाक्य गठन गर्ने समस्या बढी मात्रामा पाइयो । कोड नं. A का अनुसार शब्द भण्डारको कमी, बोलाई सिपको कमी, वाक्य निर्माण गर्न कठीन भएको कुरा बताउनु भयो ।

### ४.३.२ प्र.अ. सँगको प्रतिकृया

अनुसूची ३ अन्तरवार्ता प्रश्नावलीका आधारमा कोड नं. C को वि.सं. २०७० सालको माडी स्तरीय कक्षा ५ को स्तरीकरण परीक्षाको नेपाली विषयको ३६.०५ सिकाइ उपलब्धि स्कोर न्यून रहेको थियो । कोड नं. E को ४०.१४, कोड नं. B को ४७.८१, कोड नं. D को ४८.३३ सबैभन्दा कोड नं. A को ५२.३५ रहेको थियो । कम सिकाइ उपलब्धि स्कोर रहेको कोड नं. C लाई प्रश्न गर्दा सिकाइ योजना पूर्ण रुपमा तयार नहुनु, विद्यार्थी नियमितताको कमी र पाठ्यपुस्तक समयमा उपलब्ध हुन नसकेको प्रतिकृया पाइयो ।

### ४.३.३ वि.व्य.स. सँगको प्रतिकृया

अनुसूची ४ को अन्तरवार्ता प्रश्नावलीको आधारमा कोड नं. A को वि.व्य.सं. को अध्यक्षलाई नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा के-कस्ता समस्याहरु भोगिरहनु भएको छ भन्ने

प्रश्नको जवाफमा नेपाली भाषा वोलाइ सिपमा अभ्यासको कमी भएको कुरा बताउनु भयो । कोड नं. B का वि.व्य.स. का अध्यक्षका अनुसार शिक्षक र विद्यार्थी १००% थारु समुदायकै भएकोले  थारु भाषा मात्र बोल्नेले नेपाली भाषाको पढाइ प्रति अभिभावकको चासो कम भएको कुरा व्यक्त गर्नु भयो । कोड नं. D का अनुसार सामूहिक कार्य, अवलोकन भ्रमण, बढी भन्दा बढी शैक्षिक सामाग्री उपलब्ध हनु नसकेको, शिक्षण व्यवस्थापन गर्न कठीन भएको प्रतिकृया दिनु भयो । कोड नं. E का अध्यक्षका अनुसार विषय शिक्षक परिवर्तन भई रहने जिम्मेवारी बोधमा कमी र विद्यार्थी नियमीततामा कमी हुने जस्ता समस्याहरु रहेको प्रतिकृया दिनु भयो ।

### ४.३.४ अभिभावक सँगको प्रतिकृया

अनुसूची ६ का अनुसार अभिभावकलाई प्रश्नावली गर्दा विद्यालयमा शिक्षण व्यवस्थापनमा भोगिरहेका समस्याको बारेमा प्रश्न गर्दा कोड नं. A को अभिभावकको अनुसार विद्यालयमा शैक्षिक सामाग्रीको कमी भएको कुरा बताउनु भयो । कोड नं. B को अनुसार सन्दर्भ सामाग्रीको कमी भएको र विद्यार्थीहरुमा अभ्यासको पनि कमी भएको बताउनु भयो । कोड नं. C को अनुसार आफ्ना बच्चाहरु घरमा पढ्न नखोज्ने शिक्षकले दिएको गृहकार्य पनि गर्न गाह्रो मान्ने कुरा बताउनु भयो । कोड नं. D को अनुसार विद्यार्थीहरु खेल्न बढी मन पराउने र विद्यालयमा खेलद्वारा सिकाउने अभ्यासको कमी भएको वताउनु भयो । कोड नं. E का अनुसार विद्यार्थीहरु पढ्न भनेर विद्यालय जाने तर बीचैमा खेलेर बस्ने भएकोले विद्यार्थी नियमीततामा कमी हुने समस्या रहेको वताउनु भयो । र विद्यार्थी अभिभावक गाउँ घरमा मातृभाषा मात्र बोल्ने हुँदा नेपाली भाषा वोल्न कठीन हुने कुरा वताउनु भयो ।

## ४.४ नेपाली भाषा विषयको व्यवस्थापनमा भोगिरहेका समस्याको समाधानका उपायहरु

### ४.४.१ विषय शिक्षकसँगको प्रतिकृया

नेपाली भाषा शिक्षण व्यवस्थापनमा देखा परेका समस्याहरुलाई समाधान गर्ने उपायहरु के-के होलान भनी अनुसूची २ को प्रश्नावली अनुसार प्रश्न गर्दा कोड नं. A को नेपाली भाषा शिक्षकले लगनशील शिक्षक, अध्ययनशील विद्यार्थी, पढाइ प्रति चासो राख्ने अभिभावक भएमा नेपाली भाषा शिक्षण व्यवस्थापनमा देखिएको समस्या समाधान गर्न सकिने कुरा

बताउनु भयो । कोड नं. B को विषय शिक्षकले विद्यार्थीहरुलाई व्याकरण सिकाउने, लेखन कार्य, चिन्हको ठीक प्रयोग, कथा, कविता, निबन्ध मातृभाषाको प्रयोग गरेर शिक्षण गरेमा, शैक्षिक सामाग्रीको उचित प्रयोग गर्नुपर्ने कुरामा जोड दिनु भयो । कोड नं. C को अनुसार तालिम, गोष्टी, सन्दर्भ सामाग्रीको प्रयोग, छलफलबाट समस्या समाधान गर्नुपर्ने र नियमित विद्यार्थी केन्द्रित शिक्षण विधि, मैत्री वातावरण, सम्पर्क भेटघाट, निरन्तर मूल्याङ्कन प्रकृया, शैक्षिक सामाग्रीको प्रयोग गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो । कोड नं. D का अनुसार नेपाली विषयको शब्द अर्थ कण्ठ गर्न लगाउने, वाक्य बनाउन लगाउने, कक्षा कार्यमा जोड दिने, आफैले रोजेको विषयमा अनुच्छेद लेख्न लगाउनु पर्ने बताउनु भयो । कोड नं. E का अनुसार उच्चारण, श्रुतिलेखन, वाक्य निर्माण बोली व्यवहारमा अभ्यास गराएमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा देखिएको समस्या समाधान गर्ने सकिने कुरामा जोड दिनु भयो ।

### ४.४.२ प्रधानाध्यापक सँगको प्रतिकृया

अनुसूची ३ को अन्तर्वार्ता प्रश्नावलीमा उल्लेख भए अनुसार कोड नं. A को प्र.अ. ले, सिकाइमा विद्यालयको गतिविधि, शिक्षक र अभिभावकको महत्वपूर्ण भूमिका रहने साथै अधिक मात्रामा नेपाली भाषा प्रयोग गर्ने, रमाइला कथा, कविता, चुड्किला सुनाउने सन्दर्भ सामाग्रीहरु प्रशस्त उपलब्ध गराउनु पर्ने र अनुलेखनमा जोड दिनु पर्ने बताउनु भयो । कोड नं. B का प्र.अ. लाई तपाईको विद्यालयमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा भोगिरहेका समस्याहरुलाई समाधान गर्न के-कस्ता उपायहरु अपनाउनु पर्ला ? भनेर प्रश्न गर्दा उहाँले विद्यालय कम्पाउण्ड भित्र मातृभाषा बोल्न रोक लगाएको कुरा बताउनु भयो । कोड नं. C का प्र.अ. अनुसार समयमा पठ्यपुस्तक उपलब्ध गर्नुपर्ने, विद्यार्थी नियमितता, अभिभावकको चासो बढाउनु पर्ने कुरामा जोड दिनु भयो भने नेपाली भाषा विषयको शैक्षिक उपलब्धि शुद्धि गर्न के-कस्ता भूमिका रहन्छ भन्ने प्रश्नमा विधा अनुसारको विधिको प्रयोग, विद्यार्थी केन्द्रित कृयाकलाप, वालमैत्री कक्षाको व्यवस्था गर्नुपर्ने प्रतिकृया दिनु भयो । कोड नं. D का अनुसार सिकाइमा सामाजिक वातावरण र घरको वातावरण प्रत्यक्ष प्रभाव पार्ने कुरा बताए र आफ्नो विद्यालयका विद्यार्थीले आर्दरार्थी शब्दको प्रयोग गरेर र घरपरिवारमा पनि बोलीचालीमा नेपाली भाषाको प्रयोग भएमा राम्रो प्रगती हुने प्रतिकृया दिनु भयो । कोड नं. E का अनुसार वार्षिक, मासिक र दैनिक योजना बनाइ शिक्षण कृयाकलाप गर्न र

आवश्यक पृष्ठपोषण दिने साथै अतिरिक्त कृयाकलाप गराउन सकेमा सिकाइ उपलब्धि वृद्धि गर्न सकिने कुरामा जोड दिनु भयो ।

### ४.४.३ विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँगको प्रतिकृया

अनुसूची ४ को अन्तरवार्ता प्रश्नावली अनुसार कोड नं. A का वि.व्य.स. का अध्यक्षले विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउने र विद्यार्थीले नबुझेका कुरा थारु विद्यार्थीको संख्या बढी भएकोले थारु भाषामा नै बुझाउनु पर्ने जस्ता कुरा व्यक्त गर्नु भयो । कोड नं. B का वि.व्य.स. का अध्यक्षले शिक्षक र विद्यार्थी सबै सतप्रतिशत थारु हुनाले धेरैजसो विद्यालय समयमा पनि थारु भाषा नै बोल्ने हुँदा अबका दिनहरुमा नेपाली भाषामा सुधार गर्न विद्यालयमा नेपाली भाषा बोल्न अनिवार्य गर्नुपर्ने प्रतिकृया दिनु भयो । कोड नं. C का वि.व्य.स. का अध्यक्षका अनुसार बोटे समुदायका विद्यार्थी संख्या बढी हुने र आर्थिक अवस्था पनि कमजोर भएका बढी विद्यार्थी हुनाले पढाइमा असर पुगेको कुरा व्यक्त गरे सुधार गर्न कक्षा अनुसारको दरवन्दी शिक्षक हुनु पर्ने र तालिममा सिकेका कुराहरु शिक्षकले कक्षाकोठामा पनि प्रयोग गरेमा सिकाइ उपलब्धिमा सुधार हुने कुरा व्यक्त गर्नु भयो । कोड नं. D का वि.व्य.स. का अनुसार शिक्षकहरुले बालबालिका केन्द्रित र सहभागितामूलक शिक्षण विधि अपनाउने र बढी भन्दा बढी शैक्षिक सामाग्री उपलब्ध गराएमा नेपाली भाषा विषय शिक्षणमा भोगीरहेको समस्या समाधान हुने कुरा व्यक्त गर्नु भयो । कोड नं. E का वि.व्य.स. का अध्यक्षका अनुसार शिक्षकहरु सरुवा भइरहने समस्यले गर्दा अब शिक्षक राख्दा कम्तिमा निश्चित अवधी भित्र सरुवा भै जान नपाउने सर्त, थप कृयाकलाप र विद्यार्थी नियमिततामा जोड दिनुपर्ने कुरामा जोड दिनु भयो साथै नेपाली भाषा विषयको शैक्षिक उपलब्धि वृद्धिमा असर पर्ने प्रमुख तत्वहरु के-के होलान ? भनेर प्रश्न गर्दा उहाँले अभिभावकको न्यून चासो, विद्यार्थी केद्रित विधिमा कमी र शिक्षकको नेपाली भाषा शिक्षण व्यवस्थापनमा यी कुराहरु सुधार भएमा विद्यार्थीको शिक्षण कृयाकलापमा  राम्रो हुने प्रतिकृया दिनु भयो ।

### ४.४.४ विद्यार्थीसँगको प्रतिकृया

अनुसूची ५ को प्रश्नावली अनुसार विद्यार्थीसँग प्रश्न गर्दा कोड नं. A को विद्यार्थीले घरमा अभिभावकसँग र विद्यालयमा पनि कक्षाकोठा भित्र वा बाहिर साथीहरुसँग नेपाली भाषामा नै

कुराकानी गर्ने, कठीन शब्द तथा नयाँ वस्तुहरुको चित्र देखाएर पढाउनु भएमा राम्रो हुने कुरा व्यक्त गरे । कोड नं. B को विद्यार्थीहरुले नेपाली भाषामा लेख्न, कविता प्रतियोगिता, वालविवाद, नेपाली भाषाको गोष्ठी, अधिकतम शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्नुपर्ने प्रतिकृया दिए । कोड नं. C को विद्यार्थीहरुले शिक्षकहरुले अतिरिक्त कृयाकलाप गरी दिएमा केही सुधार हुने कुरा बताए । कोड नं. D का विद्यार्थीहरुले वेलावेलामा नेपाली विषयसँग सम्बन्धित सह कियाकलाप गराएमा राम्रो हुने कुरा सुझव दिएका थिए । कोड नं. E का विद्यार्थीहरुले नेपाली भाषा सरल वाक्यहरु बनाउन र विभिन्न ठाउँ तथा वस्तुको बारेमा वर्णन गर्न लगाउने जस्ता कृयाकलापमा गराउनु पर्नेमा जोड दिए ।

यसरी सबै कोड नं. का विद्यालयका विद्यार्थीहरुको प्रतिकृया अनुसार कक्षा ५ को सबै विषयका सबै पाठहरु अध्ययन गरी सकेको त्यसमध्य आफूलाई नेपाली भाषा विषयको कविता र कथा पढ्न रुचि भएको बताए । उनीहरुको अनुसार नेपाली भाषा पढाइमा मात्र सीमित नभई घर परिवारसँग र विद्यालयमा पनि साथीहरुसँग वोलीचालीको भाषा नेपाली भएमा आफ्नो नेपाली बोलाइमा शुद्धता हुने र पढाइ लेखाइमा पनि सहयोग पुग्ने कुरा व्यक्त गरेको पाइयो ।

यसरी सुनाइ सीपको विकासलाई भाषा शिक्षणको अभिन्न अङ्गका रुपमा लिन सकिन्छ । बालगीत, कविता, कथा र रुपक विधाअन्तर्गतका पाठहरुबाट विशेष गरेर सुनाइ सीपको विकास गर्न सकिने भएता पनि अन्य साहित्यिक विधाबाट पनि सुनाइसीपको विकास गराउन सकिन्छ । यसैले सुनाइ सीपको विकास गराउने भन्ने कुरालाई भाषा शिक्षणको अभिन्न अङ्गका रुपमा लिनुपर्छ ।

नेपाली भाषा विषयको पाठ्यपुस्तकमा भएका प्रत्येक पाठहरु शिक्षण गर्दा शिक्षाकले यस विषय शिक्षणका उद्देश्यहरुमा सुनाइ सीप विकास गर्ने कुरा पनि महत्वपूर्ण मानिन्छ भने विषयलाई विर्सनु हँदैन र अभिन्न अङ्गका रुपमा लिनु पनि आवश्यक हुन्छ । सुनाइ सीपको विकासका लागि नेपाली विषयका शिक्षकले भाषा शिक्षण स्रोत सामाग्री, बाल साहित्य सम्बन्धी सन्दर्भ सामाग्रीलाई प्रयोगमा ल्याउनु पर्ने हुन्छ । विविध शैक्षिक सामाग्रीलाई प्रयोग गरेर रोचक ढङ्गले शिक्षण गर्नाले बालबालिकाहरुमा सुनाइ सीपको विकास गर्न सकिन्छ ।

सुनाइ सीप विकासका लागि शिक्षकले भाषा शिक्षणको प्रसङ्गमा विविध क्रियाकलापहरु प्रयोग गर्न सक्छन् । यसरी सुनाइ सीपको विकासको लागि शिक्षकले प्रयोग गर्ने क्रियाकलापलाई नै सुनाइ सीप विकासका क्रियाकलाप भनिन्छ । सुनाइ सीप विकास गर्न बालकेन्द्रित क्रियाकलापहरु प्रयोग गर्नु उपयुक्त हुन्छ । सुनाइ सीप विकासका लागि गरिने शिक्षणमा बालबालिकाको सहभागीता गराउँदा समूहगत रुपमा पनि गराउन सकिन्छ । सिकाइको गतिलाई सकारात्मक रुपमा अगाडि बढाउन विद्यार्थीहरुको वैयक्तिक विभिन्नतामा पनि विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । सुनाइ सीप विकासका लागि प्रयोग गरिने क्रियाकलापहरुमा निर्देशन पालना, प्रश्नोत्तर, सुनेका कुरा दोहोऱ्याउने, आशयगत अर्थ पत्ता लागउने कुराहरु पर्छन् । सुनाइ सीप विकाससँग सम्वन्धित अन्य क्रियाकलापलाईहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । ध्वनी पहिचान, आशयगत अर्थ पत्ता लगाउने, वर्ण विभेदीकरण श्रृतिबोध, निर्देशन पालन, सुनेको कुरा दोहोऱ्याउने, कथा वाचन, श्रृति लेखन, प्रश्नोत्तर, श्रृति रचना आदि ।

सुनाइ सीप विकास सम्बन्धी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन कक्षा शिक्षणका यी क्रियाकलापहरुलाई कक्षाकोठामा कुन रुपमा प्रयोग गर्नुपर्छ भन्ने सम्बन्धमा शिक्षकले विशेष ध्यान दिनु आवश्यक छ । कुनै कुरा सुनाउनुभन्दा पहिले नै शिक्षकले बालबालिकालाई सुनेर के गर्ने भन्ने कुरा निर्देशन दिएको हुनुपर्छ । यस्तो गरेमा बालबालिकाहरु सुनिसकेपछि गर्नुपर्ने कामलाई ध्यानमा राखेर सुनाइ सीपका क्रियाकलापमा सहभागी हुन्छन् । जस्तो कथाको आधारमा कथा भन्ने हो कि, पश्नोत्तर गर्ने हो कि, कथाको संक्षेपीकरण गर्ने हो वा त्यस कथाका मुख्य मुख्य घटना टिपोट गर्ने हो, त्यो कुरा शिक्षकले सुरुमा नै बताएको खण्डमा बालबालिकालाई सुनेको आधारमा क्रियाकलाप गर्न सजिलो हुन्छ ।

कक्षाको वातावरण, विद्यार्थीको संख्या र उनीहरुको क्षमता जस्ता कुराहरुलाई पनि शिक्षकले ख्याल गर्नुपर्छ । सुनाइ सीपको विकास सम्बन्धी शिक्षण क्रियाकलापमा कक्षाको शान्त वातावरणमा लागू गर्ने शिक्षकलाई सजिलो हुन्छ । यस किसिमको वातावरणको व्यवस्था शिक्षक स्वयंमले मिलाउनु पर्ने हुन आउँछ । नेपाली भाषा शिक्षणका सन्दर्भमा बोलाइ सीपको विकासका लागि विविध क्रियाकलापलाई प्रयोगमा ल्याउन सकिन्छ । त्यस किसिमका क्रियाकलापमा मौखिक रुपमा गरिने प्रश्नोत्तर, छलफल, संवाद, घटना तथा वस्तु वर्णन, वादविवाद तथा प्रवचन कार्यक्रम, कथावाचन, नाटकीकरण, शुद्ध र स्पष्ट उच्चारण अनुशरण

वर्ण, शब्द,  वाक्य विवेदीकरण जस्ता भाषा शिक्षणसँग सम्बन्धित कियाकलापहरु गर्नु पर्दछ ।

आधारभूत तहमा नेपाली भाषा शिक्षणका सन्दर्भमा लेखाइ सीप विकासको महत्वपूर्ण भूमिका हुन्छ । नेपाली भाषा शिक्षण गर्नु भनेको नै विद्यार्थीहरुमा भाषिक सीपहरुमा दक्ष बनाउने प्रयास गर्नु हो । लेखाइ सीप विकास गर्ने कियाकलापमा श्रृति लेखन, संवाद लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, सारांश लेखन र निवन्ध लेखन आदिलाई लिन सकिन्छ । लेखाइ सीप विकास गर्ने कियाकलापका सम्बन्धमा शिक्षकको महत्वपूर्ण हात हुन्छ । यसका लागि शिक्षकले लेखाई सम्वन्धी कियाकलपिका बारेमा जानकरी राख्नुपर्छ र त्यस सम्बन्धी कियाकलापलाई कक्षाकोठामा प्रयोग गर्नुपर्छ । लेखन पनि एक किसिमको कला हो । जुन कुरा बालबालिकाहरुहरुले शिक्षकलेको उचित निर्देशनमा अभ्यासका मध्यबाट सिक्न सक्दछन् ।

शब्दार्थ शिक्षणबाट शब्दभण्डारको विकास गर्न सकिन्छ । बालबालिकाहरुमा शब्दभण्डारको विकास गर्दा सबै क्षेत्रलाई आधार मान्नुपर्छ । सबै क्षेत्रमा प्रयोग हुने सामान्य शब्दहरुमा बारेमा बालबालिकालाई आधारभूत ज्ञान हुन सक्यो भने भाषिक सीपको विकास गर्न सजिलो हुन्छ । शब्दभण्डारको विकासका माध्यमबाट नै भाषिक सीपको विकास गर्दै लान सकेको खण्डमा शब्दभण्डारको पनि विकास हुने र भाषिक सीपको पनि विकास गर्न सकिने भएकाले दुबै किसिमको सिकाइ उपलब्धि हासिल हुने गरी शब्दभण्डार विकास गर्नु राम्रो हुन्छ ।

शब्दभण्डार भनेको शब्दको ढुकुटी हो । बालबालिकामा जति मात्रामा शब्दभण्डार बढाउन सक्यो त्यति नै मात्रामा उनीहरुलाई नेपाली भाषामा बोल्न र लेख्नमा मद्दत मिल्छ । त्यसैले बालबालिकामा शब्दभण्डारको विकासले विशेष महत्व राख्छ ।

शब्दभण्डार विकासका लागि शिक्षकले शब्दार्थ शिक्षणमा विशेष ध्यान दिन आवश्यक हुन्छ । शब्दभण्डार विकास गर्ने दृष्टिले शब्दार्थ शिक्षण गर्दा खास कुनै आधार अपनाउनु पर्छ । शब्दहरुलाई विभिन्न प्रकारमा विभाजन गरेर शिक्षण सिकाइ गरेमा शिक्षण सिकाइ सजिलो हुन्छ र शिक्षण सिकाइमा प्रभावकारिता पनि बढ्छ । शिक्षण सिकाइलाई सजिलो बनाउनका लागि शब्दभण्डारलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ । समान्यार्थक शब्द,

अनुकरणात्मक शब्द, विपरीतार्थक शब्द, समूहवाचक शब्द, बालबोली शब्द, पर्यावाची शब्द, अनेकार्थक शब्द, सांस्कृतिक शब्द, प्राकृतिक शब्द, नैतिक शब्द हुन् । यस किसिमबाट धेरै क्षेत्रलाई आधार मानेर विभिन्न ढाँचाका शब्दका बारेमा जानकारी गराउनाले बालबालिकामा शब्दभण्डार वृद्धि हुन्छ । शिक्षकले नेपाली भाषाका पाठ्यपुस्तकका मध्यमबाट यस किसिमका शब्दहरुको शिक्षण गराउनु उपयुक्त हुन्छ । शब्दभण्डारको विकासका लागि पाठ्यपुस्तकको मूल पाठको सन्दर्भमा मात्र शब्दार्थ शिक्षण नगरी शब्दार्थ शिक्षणका लागि शिक्षणको छुट्टै क्याम्पस पनि मिलाउनु पर्ने हुन्छ ।

शब्दलाई वाक्यमा प्रयोग गर्न कियाकलाप नेपाली भाषा शिक्षणले महत्वपूर्ण कियाकलाप हो । शब्दलाई वाक्यमा प्रयोग गर्नका लागि विशेष क्षमताको आवश्यकता पर्छ । शब्दलाई वाक्यमा प्रयोग गर्न सर्वप्रथम शब्दको अर्थ थाहा हुनुपर्छ । शब्दको अर्थ थाहा भएर मात्र पनि शब्दलाई वाक्यमा प्रयोग गर्न सकिँदैन । शब्दको प्रयोग गरी बनाइएको वाक्य सन्देशमूलक, अर्थ पूर्ण, कलात्मक र प्रभावपूर्ण हुनुपर्छ । शब्दलाई वाक्यमा प्रयोग गर्ने सन्दर्भमा बालबालिकाका लागि प्रशस्त अभ्यासको आवश्यकता पर्छ । बालबालिकालाई शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउँदा यी तरिका अवलम्बन गर्न सकिन्छ । स्वतन्त्र रुपमा वाक्यमा प्रयोग, अर्थ लेखि वाक्यमा प्रयोग, तालिकाको आधारमा वाक्यमा प्रयोग, अर्थ लेखि ठाउँ भनेर वाक्यमा प्रयोग, तालिकको आधारमा वाक्यमा प्रयोग आदि ।

आधारभूत तहमा नेपाली भाषा शिक्षणका सन्दर्भमा लेखाइ सीप विकासको महत्वपूर्ण भूमिका हुन्छ । नेपाली भाषा शिक्षण गर्नु भनेको नै विद्यार्थीहरुमा भाषिक सीपहरुमा दक्ष बनाउने प्रयास गर्नु हो । लेखाइ सीपको विकास गर्नका लागि अभ्यासको आवश्यकता पर्छ । लेखाइ सीप विकास गर्ने कियाकलाप श्रृतिलेखन, संवाद, लेखन आदिलाई लिन सकिन्छ । लेखाइ सीप विकास गर्ने कियाकलापका सम्बन्धमा शिक्षकको महत्वपूर्ण हात हुन्छ । यसका लागि शिक्षकले लेखाइ सम्बन्धी कियाकलापका बारेमा जानकारी राख्नुपर्छ र त्यस सम्बन्धी कियाकलापलाई कक्षाकोठामा प्रयोग गर्नुपर्छ । लेखन पनि एक किसिमको कला हो, जुन कुरा बालबालिकाहरुले शिक्षणको उचित निर्देशनमा अभ्यासका माध्यमबाट सिक्न सक्छन् ।

वर्ण, शब्द र वाक्य आदिको उच्चारण सम्बन्धी कठिनाई क्षेत्र पत्ता लगाएर उपयुक्त किसिमले बालबालिकामा उच्चारण सीप विकास गराउन अभ्यासात्मक शिक्षण विधिलाई अँगाल्नु उचित हुन्छ । दोस्रो भाषाका रुपमा नेपाली भाषा सिक्ने बालबालिकाहरुलाई

व्याकरण सम्मत भाषाको प्रयोग गर्ने बानी शुरुदेखि नै बसाल्नु उपयुक्त हुन्छ । भाषिक व्यवहारमा देखिने कमीकमजोरीहरु बालबालिकाले पछि गएर आफै सच्याउँछन् भनेर वेवास्ता गर्न मिल्दैन् । बालबालिकामा शब्दभण्डारको अभावका कारण पनि उनीहरुले सिकाइको स्तरमा फरक आउँछ । भाषा भनेको नै शब्दहरुको प्रणालीवद्ध व्यवस्थापन हो । शब्दलाई अर्थपूर्ण ढङ्गले प्रयोग गर्ने क्षमताको अभावमा भाषा सिकाइले सार्थकता पाउन सक्दैन । त्यसैले दोस्रो भाषा सिक्ने बालबालिकाहरुमा शब्दभण्डारको विकास गर्ने कुरामा विशेष ध्यान दिनु आवश्यक हुन्छ । यसका लागि सामान्यार्थक शब्द, अनुकरणात्मक शब्द, विपरीतार्थक शब्द, समूहवाचक शब्द, बालबोली शब्द, पर्यावाची शब्द, अनेकार्थक शब्द, सांस्कृतिक शब्द र प्राविधिक शब्दका बारेमा जानकारी बढाएर बालबालिकाहरुमा शब्दभण्डारको विकास गर्न सकिन्छ ।

बालबालिकाको मतृभाषाको संरचनात्मक भिन्नताले गर्दा उनीहरुलाई दोस्रो भषाको रुपमा नेपाली भाषा सिक्न कठिनाई पर्छ । कुनै कुरालाई मनन गर्ने, सपना देख्ने र कुनै कुराका बारेमा कल्पना गर्ने जस्ता कुराहरु बालबालिकाहरुले आफ्नै मातृभाषामा सिक्न थालेका हुन्छन् । तसर्थ बालबालिकाहरुलाई दोस्रो भाषाका रुपमा नेपाली भाषा सिक्न र त्यसको प्रयोगमा बानी बसाल्न कठिनाइ पर्ने भएकोले उनीहरुका लागि नेपाली भाषा शिक्षणमा विशेष उपाय अपनाउनु पर्छ । नेपाली भाषाको सिकाइमा उनीहरुको मातृभाषाको कुन-कुन पक्षले असर पार्छ, ती कुराहरुको ख्याल गरेर तदनुरुपका उपायहरु अपनाउन सकिन्छ ।

नेपाली भाषा सिक्ने बालबालिकालाई नेपाली भाषाको भाषिक वातारणमा नै बढी मात्रामा घुलमिल गराउनु उपयुक्त हुन्छ । घरपरिवारमा पनि नेपाली भाषाको प्रयोग गर्ने वातावरणको सिर्जना गर्नु आवश्यक हुन्छ । दोस्रो भाषाका रुपमा नेपाली भाषा सिक्ने बालबालिकाहरुका लागि नेपाली भाषा शिक्षणको थप कक्षाको व्यवस्था आवश्यक पर्न सक्छ । विद्यालयमा साथीहरुसँग पनि नेपाली भाषामा नै कुराकानी गर्ने वातावरण मिलाउनु उपयुक्त हुन्छ । शुरुमा सुनाइ र वोलाइमा र त्यसपछि पढाइ र लेखाइमा विशेष ध्यान केन्द्रित गर्नु उपयुक्त हुन्छ । जति बढी मात्रामा नेपाली भाषाको वातावरण पायो त्यति नै चाँडो गतिमा दोस्रो भाषाको रुपमा नेपाली भाषा सिक्ने बालबालिकाहरुले नेपाली भाषाको सिकाइमा सफलता पाउन सक्छन् ।

भाषा अनुसरण गरेर प्रयोग र अभ्यासका आधारमा सिक्ने विषय भएकाले विभिन्न क्रियाकलापको प्रयोग गरेको नेपाली भाषाको सिकाइमा बालबालिकालाई अभ्यस्त गराउनु आवश्यक मानिन्छ । शिक्षकले विद्यालयले वातावरणमा आफूले नेपाली भाषामा भाषिक व्यवहार गर्दा भाषाको वास्तविक स्वरुपलाई ध्यान दिनु आवश्यक हुन्छ, अनि मात्र बालबालिकाले स्तरीय भाषालाई व्यवहारमा उतार्न सक्छन् र उनीहरुलाई नेपाली भाषा सिक्न सजिलो हुन्छ ।

## परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

गुणस्तरीय शिक्षा विकसको लागि शैक्षिक पक्षको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा कसैले नकार्न सक्दैन । जसरी मानव शरीरमा प्राणको महत्व हुन्छ त्यसैगरी विद्यालयमा शैक्षिक पक्षको महत्व हुन्छ । यस पक्ष अन्तर्गत लगनशील, अनुभवी र तालिम प्राप्त शिक्षकहरु, शैक्षिक वातावरण, पाठ्यसामाग्री, शिक्षण गर्ने विधि, विद्यार्थीहरुको पढाइ प्रति लगनशीलता र अनुशासन आदि कुराहरुले विद्यालयको प्रगतीमा प्रभाव पार्दछ ।

## ५.१ निष्कर्ष

विषयगत ज्ञानलाई क्रियाशील बनाउन शिक्षणको आवश्यकता पर्दछ । राज्यको शिक्षा नीतिबाट नै शैक्षिक उद्देश्यहरु निर्धारण गरिएको हुन्छ । सोही उद्देश्य अनुसार विद्यालयले शिक्षक र विद्यार्थी मार्फत शिक्षण सिकाइ कृयाकलाप निरन्तर संचालन भई रहेको हुन्छ । विद्यालय एउटा सामाजिक संस्था, विद्यार्थी पाठ्यक्रम, शिक्षक विषयगत ज्ञान वितरण गर्ने सहजकर्ता र स्थानीय नागरिक समाज विद्यार्थीबाट देखिने व्यवहार परिवर्तनको मार्गदर्शकका स्रोतहरु हुन् । लगानी वितरण र उत्पादनका स्रोतको रुपमा हेरियो भने त्यहाँ सिकाइको अनिवार्य आवश्यकता पर्दछ । यहि निरन्तर सिकाइमा शिक्षण विधि र उपलब्धिको प्रगाढ सम्बन्ध राख्दछ । त्यसैले भनिन्छ सो आर्जित सिकाइ विधिले दिगो बनाउँदछ । जुन शिक्षण विधिसँग उपलब्धिको प्रत्यक्ष रुपमा सम्बन्ध रहेको हुन्छ ।

शैक्षिक क्षेत्रमा सुधार ल्याउन विद्यमान, शैक्षिक, आर्थिक, भौतिक र मानवीय अवस्था र तिनीहरुले शिक्षण सिकाइमा पार्ने प्रभावको अध्ययन र विश्लेषण गरी सुधार गर्नुपर्ने देखिन्छ । विद्यालयमा शिक्षण सिकाइलाई सुधार गर्न शिक्षक विषयवस्तुमा तयारी भएनभएको, पाठयोजना निर्माण र सो अनुरुपका शैक्षिक सामाग्री निर्माण र प्रयोग गरेनगरेको, विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेनगरेको, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी भएनभएको जस्ता विषयमा शैक्षिक प्रशासन अझै कमजोर देखिन्छ । जसले गर्दा प्रशासनिक भूमिकालाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ । तालिम प्राप्त शिक्षकहरुले पनि विद्यार्थीको भूमिकालाई क्रियाशील बनाउनको साथै तालिमको प्रभावकारी प्रयोग सम्बन्धमा विद्यालयमा छलफल, अन्तरक्रिया गर्न आवश्यक देखिन्छ ।

विषय शिक्षकहरुलाई प्रत्येक वर्ष पुनर्ताजगी तालिम र गोष्ठीमा सहभागी गराउन आवश्यक देखिन्छ । सबै विद्यालयहरुमा नेपाली विषयका कविता र कथा विधा भएको पाठहरु प्रति रुचि रहेको देखिन्छ । थारु आदवासी विद्यार्थीहरुको नेपाली भाषा वोलाइ सिपमा शुद्धता नभएकोले भाषिक सीपमा बढी अभ्यास गराउनु पर्ने देखिन्छ । विषय शिक्षकले पाठ योजनाको आधारमा शिक्षण कृयाकलापलाई अझ बढी प्रभावकारी ढङ्गले अध्ययन गराउनु पर्ने देखिन्छ । शैक्षिक सत्रको शुरुमै पाठ्यपुस्तकको उपलब्धता नभएको पाइयो । कक्षा ५ को नेपाली विषयको सुनाइ सीपको पाठ्यभार ३८ र अङ्कभार १५, बोलाइ सीपको पाठ्यभार ३८ र अङ्कभार १५, पढाइ सीपको पाठ्यभार ७७ र अङ्कभार ३० लेखाइ सीपको पाठ्यभार ९० र अङ्कभार ३५, कार्यमूलक व्याकरणको पाठ्यभार १३ र अङ्कभार ५ रहेकोमा जम्मा पाठ्यभार २५६ र अङ्कभार १०० रहेको पाइयो । नेपाली विषयको १ देखि ३ को निरन्तर मूल्याङ्कन १००%, कक्षा ४ र ५ को ५०% निरन्तर र ५०% निर्णायात्मक मूल्याङ्कन रहेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारहरु हेर्दा आधारभूत तह (१-५) मा १. कक्षा कार्य, २. सिर्जनात्मक कार्य, ३. परियोजना कार्य, ४. हाजिरी, ५. व्यवहार परिवर्तन, ६. प्रश्नोत्तर आदि शिक्षकले आफू थप गर्न सक्ने गरी निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा गरेको पाइयो । माडी परीक्षा वोर्ड अन्तर्गत (१-५) कक्षाको परीक्षा प्रणाली र अङ्क प्रतिशत प्रथम त्रैमासिकमा १०%, दोस्रो त्रैमासिकमा ३०% र अन्तिम परीक्षामा ६०% गरी निर्णयात्मक मूल्याङ्कन गरेको पाइयो । कक्षा सञ्चालनको तुलनामा (१-५) शिक्षकसँग संख्या कमी रहेको पाइयो । सम्बन्धित विषयमा अध्ययन गरेका शिक्षकहरु कोड नं. B, D र E मा मात्र भएको पाइयो । विद्यार्थीहरुको नियमिततामा कमी र भाग्ने प्रकृति बढेको देखिन्छ । सिकाइमा सूचना तथा प्रविधिको प्रयोग गर्नुपर्ने देखिन्छ । सिकाइ उपलब्धि स्तरको आधारमा, विषय शिक्षकहरुलाई पुरस्कृत नगरेको देखियो ।

## ५.२ सुझावहरु

नेपाली भाषा विषय शिक्षण व्यवस्थापन र उपलब्धिको अध्ययन गर्ने क्रममा विभिन्न पत्रपत्रिका, पुस्तक, लेख रचना, विभिन्न विषय शीर्षकमा अध्ययन गरिएका सोधपत्रहरुको आधारमा प्रश्नावली, अन्तरवार्ता प्रश्नावली, उपलब्धि परीक्षण र मापनका र तथ्याङ्कको प्रयोगद्वारा शिक्षण व्यवस्थापन र उपलब्धिलाई अझ बढी स्तरीय बनाउन निष्कर्षको आधारमा निम्न सुझावहरु पेश गरिएको छ :

### ५.२.१ नीतिगत तह

नेपाली भाषा विषय शिक्षणमा देखिएका समस्या सुझाउनको लागि नीति निर्माण गर्ने तहमा नै सुधार गर्नुपर्ने देखिन्छ । नेपाली विषय मुख्य विषय लिएर अध्ययन गरेको शिक्षक नेपाली भाषा विषय अध्यापन गरिनु पर्दछ । विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या हुनु पर्दछ । नेपाली भाषा दोस्रो भाषा भएका विद्यार्थीहरुलाई विद्यालयको क्षेत्रभित्र नेपाली भाषाको प्रयोग हुनुपर्दछ । विद्यालयमा उचित वातावरणको व्यवस्था गरी विद्यार्थी सहभागितामा नियमीतता गराउनु पर्दछ । शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग हुनुपर्दछ । विद्यार्थीहरुलाई पुस्तक समयमा नै उपलब्ध गराउनु पर्दछ ।

नेपाली विषयको सन्दर्भ सामाग्रीहरु पर्याप्त मात्रामा उपलब्ध गराई शैक्षिक गुणस्तरलाई एक रुपता कायम गर्नका लागि पाठ्यक्रम विकास केन्द्र अन्तर्गत नै उपलब्ध गराउने नीति लिएको खण्डमा नेपाली भाषा विषयको शिक्षण गर्दा उचित तवरबाट व्यवस्थापन गर्न सहयोग पुग्ने देखिन्छ ।

जिल्ला शिक्षा कार्यालय, स्थानीय सरकारलाई शैक्षणिक कार्यमा केन्द्रित गराई विद्यालयको अनुगमन, सुपरिवेक्षण र आवश्यक पृष्ठपोषण दिने कार्यमा नियमीत र प्रभावकारी बनाउनु आवश्यक छ । नतिजामा आधारित बढुवा पद्धति र कार्य सम्पादन राम्रो गर्ने शिक्षकलाई प्रोत्साहन दिन पुरस्कारको व्यवस्था न्यायोचित्त रुपमा दिने व्यवस्था मिलाउनु पर्दछ । स्रोतकेन्द्रलाई गतिशित बनाइ स्रोत व्यक्तिलाई जिम्मेवार बनाउनु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

शिक्षकले परिवर्तित वातावरण प्रति समायोजन हुनु र समयको माग अनुसार विद्यार्थीको इच्छा, चाहना र मनोविज्ञानलाई बुझि आधुनिक सूचना प्रविधिसँग परिचालित हुँदै त्यसको उपयोग गर्न आफूलाई तयार गर्न सक्नु पर्दछ । विगतमा प्राप्त ज्ञान सदाको लागि उपयोगी नहुन सक्दछन् । त्यसैले शिक्षक अध्ययनशील भई नयाँ नयाँ ज्ञान सीपको प्रयोग कक्षा शिक्षणमा गर्नु पर्दछ ।

नेपाली भाषा विषयको भाषिक सीपलाई समानुपातिक ढङ्गले अध्ययन गराउनुको साथै विषयवस्तुको ज्ञान पूर्ण रुपमा दिनु पर्ने देखिन्छ । व्याकरण र लेखन पक्षलाई सँगसँगै

लानुपर्ने हुँदा अनुच्छेद लेखन कार्यलाई विद्यार्थी प्रति बढी जोड दिनुपर्ने देखिन्छ । विषय शिक्षकहरु अझ लगनशील र आफ्नो जिम्मेवारी बोध गर्नुपर्ने हुन्छ । नेपाली विषयको सन्दर्भ सामाग्रीहरु कक्षाकोठामा बढी प्रयोग गर्नुपर्ने देखिन्छ । नेपाली विषयलाई सघाउ पुऱ्याउने अतिरिक्त कियाकलाप (वक्तृत्वकला प्रतियोगिता, हाजिरी जवाफ, अनुच्छेद लेखन, शब्द संकलन, शब्द अर्थ) आदि प्रतियोगिता विद्यार्थीहरुको बीचमा गराउनु पर्ने देखिन्छ । सिकाइ उपलब्धि स्तरको आधारमा उत्कृष्ट नम्बर ल्याएको विषयको विषय शिक्षकलाई पुरस्कृत गर्नुपर्दछ । अभिभावकलाई शैक्षिक गतिविधिमा चासो राख्न विद्यालयमा समय समयमा उपस्थित गराउने वतावरण तयार गर्नु पर्दछ । स्थानीय स्तरमा निर्माण गर्न सकिने शैक्षिक सामाग्रीहरु विद्यालयमा ल्याउन विद्यार्थी तथा अभिभावकलाई उत्प्रेरीत गर्नु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

कुनै पनि सोधपत्र सबै कुरामा पूर्णता नहुन सक्छ सोधपत्रसँग सम्बन्धित विविध क्षेत्र र पक्षहरु छुटेको हुन सक्छ । यस सोधपत्र "नेपाली भाषा विषय शिक्षण र उपलब्धि" विषयमा अध्ययन गरिएको छ । यस सोधपत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरु राखी अध्ययन अनुसन्धानको लागि सिफारीस गर्दछु ।

विद्यालयको सिकाइ उपलब्धि वृद्धि गर्न अभिभावक, स्थानीय निकाय एवम् सम्पूर्ण सरोकारवालाहरुको सकारात्मक सोच र सहयोग हुनु पर्दछ । यस्तो सहयोग के कस्तो भएको छ र सहयोग हुन नसक्नुका कारणबारे थप अनुसन्धान गर्नु पर्ने देखिन्छ । मैले अध्ययन अनुसन्धान गरेको शोधपत्रमा थारु विद्यार्थी वाहुल्यता रहेको क्षेत्रका विद्यालयहरुमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन बारेमा खोज गरेको हुँदा यसै विषय अन्तर्गत अध्ययन गर्न चाहने अध्ययनकर्ताले अधिकतम मातृभाषा नेपाली भाषा बोल्ने विद्यार्थी रहेको क्षेत्रमा अध्ययन गर्न यो शोधपत्र सिफारीस गर्दछु ।

सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न सरकारले शिक्षामा लगानी बढाइरहेको अवस्थामा शैक्षिक गुणस्तर दिन प्रति दिन झन खस्कीदै गइरहेकोले विद्यालयको शिक्षण व्यवस्थापनमा के-कस्ता समस्याहरु छन् त्यसको समाधान गर्न के गर्न सकिन्छ । शिक्षकलाई कसरी उत्प्रेरित गर्ने भन्ने सम्बन्धमा पाठ्यकम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, जिल्ला शिक्षा कार्यालय, वि.नि. तथा स्रोत व्यक्तिले अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

त्यसै गरी नेपाली भाषा विषयको भाषिक शुद्धताको अध्ययन र व्यवस्थापन पहिचान गर्न समेत आगामी शोधकर्ताहरुलाई सिफारिस गर्दछु ।

भोलिका दिनहरुमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ताले विद्यालयमा नेपाली विषय अध्ययन गर्नका लागि भाषा सम्बन्धी व्याकरणको सही प्रयोग हुन सकेमा मात्र वोलाइ तथा लेखाइ सीपको विकास हुन्छ त्यसकारण अधारभूत विद्यालय तहमा नेपाली व्याकरण शिक्षण व्यवस्थापन शीर्षक अध्ययन गर्न आगामी शोधकर्तालाई सिफारिस गर्दछु ।

# सन्दर्भ सामाग्री


अधिकारी, सूर्यमणि (२०६१), *खस समाजको इतिहास, काठमाण्डौः* भुँडीपुराण प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०६०), *अध्ययन अनुमतिपत्र* काठमाण्डौः *दर्पण* आशिष पुस्तक भण्डार ।

अधिकारी, विनोद कुमार (२०६४), *संस्थागत तथा सामुदायिक विद्यालयहरुको कक्षाकोठा व्यवस्थापनः* तुलनात्मक एक अध्ययन शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

कँडेल, रूपा (२०७०), *कक्षा चार र पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

काफ्ले, बासुदेव र अन्य (२०६१), शैक्षिक प्राविधिक तथा अनौपचारीक  शिक्षा, काठमाण्डौः विद्यार्थी प्रकाशन प्रा.लि. ।

के.सी., नरेन्द्र (२०६५), *सामुदायिक विद्यालय र समुदायद्वारा व्यवस्थापन गरेका विद्यालयहरु बीचको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस ।*

के.सी., अन्जना (२०७१), *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कोईराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

गिरी, ठकेन्द्र प्रकाश (२०५९), *पाठ्यक्रम अभ्यास,* काठमाण्डौं: ज्ञानकुञ्ज प्रकाशन ।

ढुङ्गाना, अरुण कुमार (२०६१), *सामाजिक अध्ययन विषयको शिक्षण व्यवस्थापन र उपलब्धि,* स्नाकोत्तर तह शोधपत्र, सम्पतगण्डकी बहुमुखी क्याम्पस ।

दवाडी, दुर्गा प्रसाद (२०७२), *विज्ञापन विषय शिक्षणमा प्रयोगात्मक शिक्षणको व्यवस्थापन* एक अध्ययन शोधपत्र त्रि.वि.शि. संकाय ।

दंगाल, वलराम (२०६४), *शिक्षक व्यवस्थापनले शैक्षिक उपलब्धीमा पर्ने प्रभावः* एक अध्ययन शोधपत्रसप्तगण्डकी बहुमुखी क्याम्पस ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६६), *नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र* भक्तपुर ।

पौडेल, शर्मिला (२०६८), *वालमैत्री शिक्षणको प्राथमिक तहमा आएका परिवर्तन,* स्नाकोत्तर तह शोधपत्र, सम्पतगण्डकी बहुमुखी क्याम्पस ।

स्नेत, उषा (२०७०), *माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

वाग्ले, मनप्रसाद  र कार्की, उपेन्द्र कुमार (२०५७), *शिक्षाका आधारहरु,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, प्रा. चिरञ्जीवि, शर्मा, प्रा. निर्मला (२०६५), शिक्षाको परिचय एम.के, काठमाण्डौः पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, एम.आर (२०७२), माध्यमिक शिक्षा दर्पण, काठमाण्डौः गुडवील पब्लीकेशन प्रा. लि. ।

शिक्षक तालिम (२०६१), *नेपाली भाषा विषयक प्राथमिक* शैक्षिक जनशक्ति विकास केन्द्र ।

सापकोटा रमाकान्त (२०६३), *गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनको भूमिका,* शैक्षिक दर्पण, चिवनः जि.शि.का. ।

सारु, दुर्गा बहादुर (२०७१), विद्यार्थीहरुको गृहकार्य र शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन, शोधपत्र सप्तगण्डकी बहुमुखी क्याम्पस ।

सेढाइ टंकप्रसाद (२०६७), *गुणस्तरीय शिक्षा विकासमा विद्यालय व्यवस्थापनको भूमिका एक अध्ययन शोधपत्र,* त्रि.वि.वि. शिक्षाशास्त्र संकाय ।

## विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

# अनुसूची-१

## कक्षा अवलोकन फारम

**विद्यालयको नाम :** **शिक्षकको नाम :**

**कक्षा :** **पाठ शीर्षक :**

**विषय :**

| क.सं. | अवलोकन पक्ष | अति उत्तम | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|---|
| १ | व्यक्तिगत<br>क) हँसिलो<br>ख) सरसफाई<br>ग) आत्म विश्वास<br>घ) मिलनसार<br>ङ) संवेग नियन्त्रण | | | | |
| २ | दैनिक पाठ योजना तयारी | | | | |
| ३ | कक्षा कोठा व्यवस्थापन<br>क) कालो पाटीको अवस्थिती<br>ख) विद्यार्थी बसाई<br>ग) प्रकाशको अवस्था | | | | |
| ४ | प्रस्तुती करण<br>क) रमाइलो सुरुवात<br>ख) विषयवस्तुको संयोजन<br>ग) उत्प्रेरणा/पुनरावृत्ति<br>घ) सरल भाषाको प्रयोग<br>ङ) कियाकलापको उपयुक्तता | | | | |
| ५ | शैक्षिक सामाग्रीको प्रयोग<br>क) शै.स.को उपयुक्तता<br>ख) विद्यार्थी प्रोत्साहन/सहभागिता<br>ग) शै.स.को सान्दर्भिकता<br>घ) सिर्जनात्मकता<br>ङ) कालोपाटीको प्रयोग | | | | |
| ६ | मूल्याङ्कन<br>क) विद्यार्थी पृष्ठपोषण<br>ख) उपलब्धि मापन<br>ग) गृहकार्यको प्रयोग | | | | |

**विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर**

## अनुसूची-२

**(नेपाली भाषा विषय शिक्षकका लागि प्रश्नावली)**

**नाम :** **ठेगाना :**

**योग्यता :** **कार्य अनुभव :**

१. तपाई कहिले देखि यस विद्यालयमा कार्यरत हुनुहुन्छ ?

...........................................................................................................................

२. तपाईले अध्ययन गरेको मूल विषय कुन हो ?

...........................................................................................................................

३. हाल तपाईले कुन कुन विषय अध्यापन गर्नु भएको छ ?

...........................................................................................................................

४. तपाईले शैक्षिक योग्यता बढाउन विद्यालयबाट तालिम, पुर्नताजगी तालिम तथा उच्च शिक्षा सुविधा आदि कुनै पाउनु भएको छ ?

...........................................................................................................................

५. तपाईले अहिले पाइरहनु भएको तलव, भत्ता र अन्य कुनै सुविधाबाट सन्तुष्ट हुनु हुन्छ ?

६. सन्तुष्ट हुनुहुन्छ भने किन ?

...........................................................................................................................

७. तपाईको विद्यालयमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन कसरी गर्नु भएको छ ?

...........................................................................................................................

८. तपाईले नेपाली भाषा विषय शिक्षणबाट के-कस्ता उपलब्धिहरु पाउनु भएको छ ?

...........................................................................................................................

९. नेपाली भाषा दोस्रो भाषा भएका विद्यार्थी संख्या कति प्रतिशत छ ?

...........................................................................................................................

१०. तपाईले नेपाली भाषा दोस्रो भाषा भएका विद्यार्थीहरुलाई नेपाली भाषा विषय शिक्षण व्यवस्थापनमा के-कस्ता समस्याहरु भोगिरहन भएको छ ?

...........................................................................................................................

११. तपाईले नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा भोगिरहनु भएको समस्यालाई कसरी समाधान गर्नुहुन्छ ?

......................................................................................................................

१२. अन्य विषयहरुको तुलनामा नेपाली विषयको उपलब्धि बढ्न नसक्नुका कारणहरु के-के होलान् ?

......................................................................................................................

१३. तपाईलाई नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा प्र.अ. र अन्य विषयका शिक्षकहरुबाट के-कस्ता सहयोगहरु पाउनु भएको छ ?

......................................................................................................................

१४. तपाईले नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा के-कस्ता शैक्षिक सामाग्रीहरु प्रयोग गर्नुभएको छ ?

......................................................................................................................

१५. तपाईको राय सुझावलाई प्र.अ. ले के कति कार्यान्वयन गर्नुहुन्छ ?

......................................................................................................................

१६. तपाईले नेपाली भाषा विषयको मौखिक अङ्क विद्यार्थीलाई दिदा के-कस्ता मापदण्ड अपनाउनु भएको छ ?

......................................................................................................................

१७. नेपाली भाषा विषयमा उपलब्धि वृद्धि गर्न तपाई के-कस्तो भूमिकालाई महत्वपूर्ण ठान्नु हुन्छ ?

......................................................................................................................

१८. तपाईले नेपाली भाषा विषयप्रति विद्यार्थीहरुको रुचि बढाउन के-कस्ता उपाहरु अपनाउनु पर्ला ?

......................................................................................................................

विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

## अनुसूची-३

(प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली)

**नाम :** **विद्यालय :** **ठेगाना :**

**योग्यता :** **कार्य अनुभव :**

१. तपाई प्र.अ. भएर विद्यालयमा कार्य गर्नु भएको कति समय भयो ?

......................................................................................................

२. प्र.अ. व्यवस्थापन सम्बन्धि तालिम लिनु भएको छ ?

......................................................................................................

३. तपाईले विद्यालयमा शैक्षणिक सुपरिवेक्षण वर्षको कति पटक गर्नु हुन्छ ?

......................................................................................................

४. वर्तमान समयमा प्रचलनमा रहेको प्र.अ. तथा शिक्षक नियुक्ति सरुवा बढुवा र दरवन्दी मिलानसँग तपाई सन्तुष्ट हुनुहुन्छ ?

......................................................................................................

५. हुनुहुन्छ भने किन ?

......................................................................................................

६. नेपाली भाषा विषय शिक्षकले वर्तमान समयमा के-कस्तो विधि अपनाएर अध्यापन गराउनु हुन्छ ?

......................................................................................................

७. तपाईले नेपाली भाषा विषयको शिक्षण गर्दा कक्षाकोठाको शिक्षण व्यवस्थापनमा के-कतिको सहयोग पुऱ्याउनु भएको छ ?

......................................................................................................

८. तपाईको विद्यालयमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा के-कस्ता उपलब्धिहरु भएका छन् ?

......................................................................................................

.

९. तपाईको विद्यालयमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा भोगिरहेका समस्याहरु के-के हुन् ?

.................................................................................................

१०. तपाईको विद्यालयमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापनमा भोगिरहेका समस्यालाई समाधान गर्न के-कस्ता उपायहरु अपनाउनु पर्ला ?

.................................................................................................

११. शिक्षक कर्मचारी वैठक कति कति समयमा राख्नु हुन्छ ?

.................................................................................................

१२. नेपाली भाषा विषयको शैक्षिक उपलब्धि वृद्धि गर्न कस्को भूमिका के-कस्तो हुन्छ ?

.................................................................................................

१३. विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा प्रभाव पार्ने मुख्य तत्वहरु के-के हुन् ?

.................................................................................................

१४. नेपाली भाषा विषयको शिक्षक व्यवस्थापन र शैक्षिक उपलब्धि बीच केस्तो सम्बन्ध भएको देख्नु हुन्छ ?

.................................................................................................

विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

## अनुसूची-४

## (वि.व्य.स. का पदाधिकारीको लागि अन्तर्वार्ता प्रश्नावली)

**नाम :** **विद्यालय :** **ठेगाना :**

**योग्यता :** **कार्य अनुभव :**

१. तपाई विद्यालय व्यवस्थापन समितिमा रहेर काम गर्नु भएको कति समय भयो ?

.........................................................................................................

२. वि.व्य.स., प्र.अ. र शिक्षक बीचको सम्वन्ध कस्तो पाउनु भएको छ ?

.........................................................................................................

३. नेपाली भाषा शिक्षण व्यवस्थापनलाई सुव्यवस्थित गरी शैक्षिक उपलब्धि वृद्धि गर्न विद्यालयमा कस्को नेतृत्व आवश्यकता पर्ला ?

.........................................................................................................

४. तपाई विद्यालयमा कति समयको अन्तरालमा जानुहुन्छ ?

.........................................................................................................

५. कस्तो शैक्षणिक विधि अपनाउदा विद्यार्थीहरुप्रति नेपाली भाषा विषयको रुचि बढ्न सक्ला ?

.........................................................................................................

६. तपाई अहिले प्रचलनमा भएको प्र.अ. तथा शिक्षक नियुक्ति, सरुवा बढुवा, दण्ड, पुरस्कार सम्बन्धी प्रकृयासँग सन्तुष्ट हुनुहुन्छ ?

.........................................................................................................

७. विद्यालयमा शैक्षिक सामाग्री पर्याप्त मात्रामा छ छैन ?

.........................................................................................................

८. नेपाली भाषा विषयको शिक्षकले कस्तो शैक्षिक सामाग्री कहिलेसम्म प्रयोग गर्नुहुन्छ ?

.........................................................................................................

९. नीजि स्रोतमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने प्रकृया के-कसरी गर्नुहुन्छ ?

.........................................................................................................

१०. वर्तमान समयमा नेपाली भाषा शिक्षकले के-कस्तो शिक्षण विधि अपनाएर कक्षा शिक्षण गरेको देख्नु भएको छ ?

..........................................................................................................

११. तपाईको विद्यालयमा नेपाली भाषा विषयको शिक्षण व्यवस्थापन के-कस्तो रहेको छ ?

..........................................................................................................

१२. नेपाली भाषा शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा विद्यार्थीहरुको के-कस्तो उपलब्धिहरु हासिल भएका छन् ?

..........................................................................................................

१३. तपाईको विद्यालयमा नेपाली भाषा विषय शिक्षण व्यवस्थापनमा के-कस्ता समस्याहरु भोगिरहनु भएको छ ?

..........................................................................................................

१४. उक्त समस्यालाई समाधान गर्न तपाईले के-कस्ता उपायहरु अपनाउनु भएको छ ?

..........................................................................................................

# अनुसूची-५
(विद्यार्थीका लागि प्रश्नावली)

**विद्यार्थीको नाम :** **ठेगाना :**

**विद्यालयमो नाम :** **लिङ्ग :**

**उमेर :** **कक्षा :**

**हस्ताक्षर :**

१. तपाई पढ्ने कक्षाकोठामा कति जना विद्यार्थी संख्या हुनुहुन्छ ?

……………………………………………………………………………………………

२. नेपाली भाषा विषय शिक्षकले कस्तो पढाउनु हुन्छ। उहाँले पढाउनु भएको शिक्षण व्यवस्थापनप्रति हजूरहरु सन्तुष्ट हुनुहुन्छ ?

……………………………………………………………………………………………

३. नेपाली भाषा विषय शिक्षणबाट हजूरहरुले के-कस्ता उपलब्धिहरु पाउने गर्नु भएको छ ?

……………………………………………………………………………………………

४. शिक्षकहरुले नेपाली भाषा शिक्षण गर्दा दैनिक पाठ योजना बनाएर पढाउनु हुन्छ ?

……………………………………………………………………………………………

५. नेपाली भाषा विषय शिक्षकहरुले शिक्षण गर्दा के-कस्ता शैक्षिक सामाग्रीहरु प्रयोग गर्नुहुन्छ ?

……………………………………………………………………………………………

६. तपाईलाई पढाउने गुरुहरुले गृहकार्य दिनुहुन्छ कि हुँदैन ?

……………………………………………………………………………………………

७. तपाईले बोल्ने मातृभाषा कुन हो ?

……………………………………………………………………………………………

८. तपाईलाई नेपाली भाषा बोल्न, पढ्न, लेख्न कतिको गाह्रो लाग्छ ?

……………………………………………………………………………………………

९. नेपाली भाषा विषय शिक्षकहरुले शिक्षण व्यवस्थापन गर्दा के-कस्ता समस्याहरु भोग्नु परेको छ ?

..............................................................................................................

१०. नेपाली भाषा विषयको शैक्षिक व्यवस्थापन वृद्धि गर्न विद्यालयले कस्ता-कस्ता कार्यक्रमहरु सञ्चालन गरे हुन्थ्यो जस्तो लाग्छ ?

..............................................................................................................

## अनुसूची-६

**(अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली)**

**अभिभावकको नाम :** **लिङ्ग :**

**उमेर :** **शैक्षिक योग्यता :**

**हस्ताक्षर :**

अन्तर्वार्ता

१. तपाईको बालबच्चाको पढाईप्रति सन्तुष्ट हुनुहुन्छ ?

.............................................................................................................

२. तपाईको बिचारमा गुणस्तरीय शिक्षा भनेको के हो ?

.............................................................................................................

३. तपाईले यस विद्यालयमा आफ्ना बालबालिका पढाउनुको मुख्य कारण के हो ?

.............................................................................................................

४. विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउन के-के उपाय अपनाउनु पर्ला जस्तो लाग्छ ?

.............................................................................................................

५. तपाई बस्ने टोलबाट संस्थागत विद्यालयमा विद्यार्थी बढी पढ्न जान्छन् कि सार्वजनिक विद्यालयमा ?

.............................................................................................................

६. महिनाको कति पटक आफ्ना बालबालिकाको पढाईको बारेमा बुझ्न जानुहुन्छ ?

.............................................................................................................

७. आफ्नो बालबालिकालाई कति कक्षा सम्म पढाउने लक्ष्य राख्नु भएको छ ?

.............................................................................................................

८. विद्यालयमा के-के सुधार भए हुन्थ्यो जस्तो लाग्छ ?

.............................................................................................................

९. विद्यालयको सुधारको लागि तपाईले केही योगदान गर्नु भएको छ ?

.............................................................................................................

## विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

# अनुसूची-७

## (आधारभूत तहको पाठ्यक्रमको ढाँचा २०६६ (१-५))

| क.सं. | विषय | कक्षा १-३ | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | १०० |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ६ | १०० |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ६ | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३४ | ६०० |

| क.सं. | विषय | कक्षा ४-५ | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | १०० |
| ४ | सामाजिक अध्ययन | ५ | ७५ |
| ५ | सिर्जनात्मक कला | ३ | २५ |
| ६ | विज्ञान तथा वातावरण | ४ | ५० |
| ७ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ४ | ५० |
| ८ | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३९ | ६०० |

एक शैक्षिक वर्षमा कम्तीमा २२० दिन विद्यालय खुल्ने र १९२ दिन पठनपाठन सञ्चालनन हने छ। यस हिसावले कक्षा १-३ मा वार्षिक ८१६ घण्टा र कक्षा ४-५ मा ९३६ घण्टा पठनपाठन गर्नुपर्ने छ। तोकिएको वार्षिक घण्टा नघट्ने गरी पाठको आवश्यकता अनुसार ४५ मिनेटको समयलाई एक घण्टी मानी कक्षा सञ्चालन गर्न सकिने छ।

## विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

# अनुसूची-८

## छनौट गरिएको विद्यालयको कोड नं. विषय शिक्षक र विद्यार्थी विवरण

| सि. नं. | कोड A | विद्यालयको नाम | विषय शिक्षकको नाम | योग्यता | तह | तालिम प्राप्त, अप्राप्त | स्थायी/अस्थायी |
|---|---|---|---|---|---|---|---|
| १ | A | श्री आ.भू. वि., रत्ननगर | यज्ञ प्र. तिवारी | I.A. | प्रा.वि. | प्राप्त | स्थायी |
| २ | B | श्री आ.भू.वि. गर्दि | वालकुमारी महतो | १०+२ | प्रा.वि. | प्राप्त | नीजि अस्थायी) |
| ३ | C | श्री आ.भू.वि. पाण्डवनगर | तुल ब. नेपाली | S.L.C. | प्रा.वि. | प्राप्त | स्थायी |
| ४ | D | श्री आ.भू.वि. जीवनपुर | राम प्र. महतो | १०+२ | प्रा.वि. | प्राप्त | स्थायी |
| ५ | E | श्री सो.मा.वि. बरुवा | नारायण प्र. पाण्डे | B.Ed | प्रा.वि. | प्राप्त | स्थायी |

## विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

# अनुसूची-९

## पाठ्यभार विवरण तालिका

| **भाषिक सीप** | **कक्षा ४** | | **कक्षा ५** | |
|---|---|---|---|---|
| | **पाठ्यभार** | **अङ्कभार** | **पाठ्यभार** | **अङ्कभार** |
| सुनाइ | ३८ | १५ | ३८ | १५ |
| बोलाइ (उच्चारण समेत) | ५१ | २० | ३८ | १५ |
| पढाइ (शब्दभण्डार समेत) | ७७ | ३० | ७७ | ३० |
| लेखाइ (हिज्जे र चिन्ह प्रयोग समेत) | ७७ | ३० | ९० | ३५ |
| कार्यमूलक व्याकरण (पदसङ्गति मात्र) | १३ | ५ | १३ | ५ |
| **जम्मा** | **२५६** | **१००** | **२५६** | **१००** |

## विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर
## शैक्षिक क्यालेण्डर, जिल्ला शिक्षा कार्यालय, भरतपुर, चितवन
# अनुसूची-१०
## २०७२ को जिल्लाको तहगत, विषयगत सिकाइ उपलब्धि

| तह | नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान १०० | | | सामाजिक १०० | | | कक्षागत औषत उपलब्धी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| आधारभूत (१-५) | ६० | ५८ | ६० | ६१ | ६० | ६१ | ५७ | ५७ | ५७ | ६१ | ६० | ६१ | ६३ | ६१ | ६२ | ५८ | ५७ | ५८ |
| आधारभूत (१-८) | ५३ | ५२ | ५३ | ५२ | ५२ | ५२ | ४३ | ४३ | ४३ | ५१ | ५० | ५१ | ५० | ५० | ५० | ५९ | ५९ | ५९ |
| मा.वि. (९-१०) | ४५ | ४८ | ४५ | ४५ | ४६ | ४५ | ३४ | ३७ | ३५ | ४३ | ४५ | ४४ | ४१ | ४३ | ४२ | ४५ | ४७ | ४६ |

## वार्षिक शैक्षिक कार्यतालिका-२०७४

| महिना | पुरा दिन | शनिवार र अन्य सा.वि. | वर्षे विदा | स्थानीय विदा | विद्यालय खुल्ने | परीक्षा | पढाइ हुने दिन | भर्ना योजना |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | ३१ | ८ | - | विद्यालय व्यवस्थापन समितिको अनुसार ५ दिन स्थानीय विदा दिन सकिनेछ । स्रोतकेन्द्र नियमित हुने गरी जाडो (शितलहर) अवधिमा कम्तिमा ७ दिन सहित १० दिन वार्षिक विदा | २३ | - | २० | ३ |
| जेठ | ३१ | ५ | - | | २६ | - | २६ | - |
| असार | ३१ | ५ | - | | २६ | ८ | १८ | - |
| साउन | ३२ | २ | २२ | | ८ | - | ८ | - |
| भदौ | ३१ | ६ | - | | २५ | - | २५ | - |
| असोज | ३१ | १६ | १२ | | ३ | - | ३ | - |
| कातिक | ३० | ७ | १ | | २२ | - | २२ | - |
| मंसिर | २९ | ५ | - | | २४ | ८ | १६ | - |
| पौष | ३० | ५ | - | | २५ | - | २५ | - |
| माघ | २९ | ८ | - | | २१ | - | २१ | - |
| फागुन | ३० | ५ | - | | २१ | - | २१ | - |
| चैत्र | ३० | ५ | - | | २५ | ८ | ८ | ९ |
| जम्मा | ३६५ | ८१ | ३५ | | २४९ | २४ | २१३ | १२ |

## विदा, परीक्षा, भर्ना/योजना तथा छुट पढाई हुने दिन

| जम्मा दिन | शनिवार र सा.वि. | वार्षिक र स्थानीय विदा | विद्यालय खुल्ने दिन | भर्ना/योजना/नतिजा विश्लेषण | परीक्षा | खुद पढाइ हुने दिन |
|---|---|---|---|---|---|---|
| ३६५ | ८१ | ५० | २३४ | १२ | २४ | १९८ |

# अनुसूची-११

## छनोटमा परेका विद्यालयको आधारभूत तह (१-५) मा पढ्ने विद्यार्थीको भाषागत विवरण

| विद्यालयको नाम | नेपाली मातृभाषा भएका विद्यार्थी संख्या | | | नेपाली भाषा दोस्रो भाषाको रुपमा रहेको विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| श्री आधारभूत वि. रत्नपुर | २ | | २ | ३१ | ३२ | ६३ |
| श्री आधारभूत वि., गर्दी | | | | ३० | १९ | ४९ |
| श्री आधारभूत वि.जीवनपुर | | | | २९ | ३० | ५९ |
| श्री आधारभूत वि. पाण्डवनगर | १२ | ४ | १६ | ३८ | २५ | ६३ |
| श्री सोमेश्वर मा.वि. बरुवा | १४ | १२ | २६ | १० | ८ | १८ |

विषयगत शिक्षण व्यवस्थापन र उपलब्धिस्तर

# अनुसूची-१२

## निरन्तर विद्यार्थी मूल्याङ्कन आधारहरु

| आधरभूत तह (१-५) | आधरभूत तह कक्षा (६-७) |
|---|---|
| कक्षा कार्य | कक्षा कार्य |
| सृजनात्मक कार्य | सृजनात्मक कार्य |
| परियोजना कार्य | परियोजना कार्य |
| व्यवहार परिवर्तन | कक्षा सहभागिता |
| पश्नोत्तर | व्यवहार परिवर्तन |
| अन्य (शिक्षकले थप गर्न सक्ने) | अन्य (शिक्षकले थप गर्न सक्ने) |

**कक्षा १-३ को निरन्तर मूल्याङ्कन १००% र कक्षा ४-५ को ५०% निरन्तर मूल्याङ्कन र ५०% निर्णायात्मक मूल्याङ्कन चितवन जिल्लाको शैक्षिक सूचकहरु**

| **Class** | **Promotion Rate** | | | **Prepetition Rate** | | | **Dropout Rate** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1-5 | 84 | 84 | 84 | 6 | 7 | 6 | 9 | 10 | 9 |
| 6-8 | 88 | 87 | 87 | 8 | 8 | 8 | 5 | 5 | 5 |
| 9-10 | 90 | 91 | 90.5 | 3.5 | 3.5 | 5.5 | 6 | 6 | 6 |